शनिबारको
# राजधानी
काठमाडौं, धरान र बुटवलबाट एकैसाथ प्रकाशित


ग्राहक प्रति

प्रेमध्वजलाई लाइफ टाइम पृष्ठ ६

लोकप्रिय राष्ट्रिय दैनिक
राजधानी
ग्राहक बन्नु परेमा
नवीकरण गर्नु परेमा
ठेगाना परिवर्तन भएमा
र पत्रिका नियमित नआए
सिधा सम्पर्क 5546300,
बिहान १० बजे देखि ५ बजेसम्म Ext: 112, 108

काठमाडौं । वर्ष १५, अंक १९५, काठमाडौं, शनिबार ११ पुस २०७२, नेपाल संवत् ११३६ । www.rajdhani.com.np । Email rajdhaninews@gmail.com । RAJDHANI Nepali National Daily । Kathmandu, Saturday 26 December 2015 । पृष्ठ : ८ मूल्य रु. ५/-

# इन्धन र ग्याँसको व्यापार गर्ने सहमति

## प्रक्रिया अघि बढाउन निगम र मन्त्रालयका उच्च अधिकारी पुगे बेइजिङ

- पेट्रोल तथा ग्याँसको दीर्घकालीन व्यापारलाई प्रोत्साहन गरिने
- तिब्बतसँग सीमा जोडिएका नेपालका भूभागमा अतिरिक्त इन्धन उपलब्ध गराउने
- आफ्ना नागरिकलाई नेपाल भ्रमण गर्न चीन सरकारले लगाएको बन्देज फुक्का गर्ने
- अरनिको राजमार्गको पुनर्निर्माण तथा विस्तार गर्ने
- चिनियाँ पर्यटकलाई भिसा शुल्क मिनाहा
- नेपाललाई अन्तर्देशीय व्यापारमा थप सुविधा दिन चीन तयार
- तातोपानी नाका नियमित राख्ने
- अन्य थप नाका खोल्ने



**जीवनाथ शिवाकोटी / काठमाडौं**

नेपाल र चीनबिच दीर्घकालीन रूपमा इन्धन र खाना पकाउने ग्याँसको व्यापार गर्नेलगायतका आठबुँदे सहमति भएको छ । चीन भ्रमणमा रहेका उपप्रधान तथा परराष्ट्रमन्त्री कमल थापा र चिनियाँ विदेशमन्त्री वाङ यीबिच शुक्रबार सो सहमति भएको हो ।

सहमतिमा उच्चस्तरीय राजनीतिक भ्रमण आदानप्रदान गर्ने र भूकम्पपछिको पुनर्निर्माणलाई गति प्रदान गर्नेलगायतका बुँदा छन् । दुई देशबिचको वार्तामा नेपालको इन्धन संकट समाधानका लागि मध्यकालीन र दीर्घकालीन योजना बनाइ कार्यान्वयन गर्ने सहमति भएको हो । सहमतिको चौथो बुँदामा चीन र नेपालबिच दीर्घकालीन रूपमा तेल र ग्याँसको व्यापार गर्ने उल्लेख छ । इन्धन संकट समाधान गर्न नेपाललाई मध्यकालीन र दीर्घकालीन रूपमा आपूर्ति व्यवस्था मिलाउन चीन सहमत भएको परराष्ट्र मन्त्रालयले जनाएको छ । मन्त्रालयका अनुसार पेट्रोलियम पदार्थको आयातका लागि दुवै मुलुकका सम्बन्धित निकायले मूल्य, ढुवानी तथा अन्य बन्दोबस्तीका कार्य संयुक्त रूपमा सम्पादन गर्न चीनले सुझाएको छ । साथै, चीनले आफ्नो स्वशासित क्षेत्र तिब्बतसँग सीमा जोडिएका नेपालका भूभागमा अतिरिक्त इन्धन उपलब्ध गराउने भएको छ । यो सहमतिसँगै चीनबाट इन्धन ल्याउने प्रक्रिया अघि बढ्नेछ ।

उच्चस्तरीय तहमा भएको यस सहमतिबाट नेपाल आयल निगम तथा वाणिज्य मन्त्रालयलाई इन्धन आपूर्तिका लागि चीनसँग सम्झौता गर्न बाटो खुलेको छ ।

पेट्रोलियम सम्झौता प्रक्रिया अघि बढाउन आयल निगमका नायब कार्यकारी निर्देशक सुशील भट्टराई र वाणिज्य तथा आपूर्ति मन्त्रालयका उपसचिव नवराज ढकाल बेइजिङ पुगिसकेका छन् । उपप्रधान मन्त्री थापाले पेट्रो चाइनासँग इन्धन आपूर्ति सम्झौता गर्ने प्रक्रिया अघि बढाउन तयारी अवस्थामा रहन निगमका कार्यकारी निर्देशक गोपालबहादुर खड्कालाई बेइजिङबाटै निर्देशन दिएका थिए । 'जुनसुकै बेला सम्झौता हुन सक्छ, निगमका तर्फबाट तपाईंहरू तयारी अवस्थामा बस्नोस्,' थापाको निर्देशन उद्धृत गर्दै कार्यकारी निर्देशक खड्काले राजधानीसँग भने ।

चीनबाट इन्धन आपूर्ति गर्ने सम्बन्धमा प्रारम्भिक सम्झौता (एमओयू) यसअघि नै भइसकेको छ । अब सरकार-सरकार (जीटूजी) सम्झौता हुनेछ । सम्भवतः परराष्ट्रमन्त्री थापा बेइजिङमा हुँदा नै मन्त्रालयका उपसचिव ढकाल नेतृत्वको टोलीले नै यसलाई अन्तिम रूप दिनेछ । यसपछि निगम र पेट्रो चाइनाबिच व्यापार (बीटुबी) सम्झौता हुनेछ । इन्धन आपूर्तिका लागि सम्झौता गर्न नेपाली टोली पटकपटक चीन गए पनि अन्तिम सहमति भने हुन सकेको छैन ।

(बाँकी पृष्ठ २ मा)

# पुनर्निर्माण प्राधिकरण सीईओमा ज्ञवाली

**● राष्ट्रिय योजना आयोगलाई पूर्णता ● चिनियाँ पर्यटकलाई भिसा शुल्क मिनाहा ● दुई मन्त्रालय फुटाइए ● दर्जन सचिवको सरुवा**

**शुरोजंग पाण्डे / काठमाडौं**

सरकारले भूकम्पपछिको पुनर्निर्माणका लागि गठित राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको प्रमुख कार्यकारी अधिकृत (सीईओ) मा सुशील ज्ञवालीलाई नियुक्त गरेको छ । आकस्मिक रूपमा शुक्रबार बसेको मन्त्रिपरिषद् बैठकले ज्ञवालीलाई प्रमुख कार्यकारी नियुक्त गरेको हो ।

सरकारका प्रवक्ता एवं सूचना तथा सञ्चार प्रविधिमन्त्री शेरधन राईले प्रतिस्पर्धामा रहेकामध्ये योग्यतम ठहरिएकाले ज्ञवालीलाई मन्त्रिपरिषद् बैठकले प्राधिकरणको सीईओ नियुक्त गरेको जानकारी दिए । 'उहाँ विभिन्न क्षेत्रमा क्रियाशील हुनुहुन्थ्यो, प्रतिस्पर्धामा योग्यतम ठहरिएकैले उहाँलाई हामीले नियुक्त गरेका छौं,' बैठकपछि सञ्चारकर्मीहरूसँग राईले भने ।

संसद्बाट पुनर्निर्माणसम्बन्धी विधेयक पारित भएको साता नबित्दै सरकारले तत्काल प्रमुख कार्यकारी अधिकृत नियुक्त गरी भूकम्पपछिको पुनर्निर्माणलाई गति दिने संकेत गरेको छ । पाल्पा खस्यौलीका ज्ञवाली नगर विकास कोषका कार्यकारी निर्देशक हुन् । सिभिल इन्जिनियर रहेका उनीसँग विभिन्न क्षेत्रमा काम गरेको अनुभव पनि छ । प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको सरकार गठन भएलगत्तै प्रमुख प्रतिपक्षी दल कांग्रेसले विधेयकमार्फत प्राधिकरण गठनमा असहमति जनाउँदा सरकारले सोचेअनुरूप पुनर्निर्माणसम्बन्धी काम अघि बढाउन सकेको थिएन ।



कांग्रेसले आफ्नो पालामा नियुक्त भएका सीईओ डा. गोविन्द पोखरेललाई नै निरन्तरता दिनुपर्ने अडानका कारण लामो समयदेखि प्राधिकरण गठन अवरुद्ध हुँदै आएको थियो । भूकम्प गएको आठ महिना बितिसक्दा पनि पीडितको उचित व्यवस्थापन हुन सकेको छैन ।

बैठकले राष्ट्रिय योजना आयोगका सदस्यहरूसमेत नियुक्त गरी आयोगलाई पूर्णता दिएको छ । मन्त्रिपरिषद्बाट सात जना सदस्य नियुक्त भएका छन् । आयोगका उपाध्यक्षमा भने राष्ट्र बैंकका पूर्वगभर्नर डा. युवराज खतिवडा यसअघि नै नियुक्त भइसकेका थिए । आयोगका सदस्यहरूमा डा. सुमित्रा अमात्य, डा. चन्द्रकान्त पौडेल, सुनिलबाबु श्रेष्ठ, डा. रामानन्द देव, गीतानन्द जोशी, डा. विजयबहादुर कुँवर, डा. कृपासुन्दरप्रसाद रहेका छन् । आयोगका सदस्यमा एमालेको तर्फबाट तिन, एमाओवादीबाट दुई र राप्रपा नेपालको तर्फबाट सिफारिसमा परेका एक जना सदस्य नियुक्त भएका छन् ।

त्यस्तै, बैठकले नेपाल भ्रमणमा आउने चिनियाँ पर्यटकहरूका लागि प्रवेशाज्ञा (भिसा) शुल्क मिनाहा गर्ने निर्णय पनि गरेको छ । नेपालमा चिनियाँ पर्यटकहरूको संख्या बढ्दो क्रममा रहेको तथ्य मध्यनजर गर्दै सरकारले पर्यटन प्रवर्द्धनको उद्देश्यले त्यस्तो निर्णय गरेको हो । उपप्रधानमन्त्री तथा परराष्ट्रमन्त्री कमल थापा चीन भ्रमणमा रहेकै बेला दुई देशबिच चिनियाँ पर्यटकहरूका लागि वर्ष २०१६ मा भिसा शुल्क नलाग्ने सम्झौता भएलगत्तै सरकारले मन्त्रिपरिषद् बैठकबाटै यस्तो निर्णय गरेको हो ।

त्यसैगरी, बैठकले करिब एक दर्जन सचिवहरूको सरुवासमेत गरेको छ । दीपेन्द्रनाथ शर्मालाई सहरी विकास मन्त्रालय, अर्जुनबहादुर कार्कीलाई भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, विजयकुमार मल्लिकलाई जनसंख्या तथा वातावरण मन्त्रालयमा सरुवा गरिएको छ । त्यस्तै, सुरेशप्रसाद आचार्यलाई खानेपानी तथा सरसफाइ मन्त्रालय, सुनिलबहादुर मल्ललाई सूचना तथा सञ्चार प्रविधि मन्त्रालयबाट राष्ट्रिय सतर्कता केन्द्र, रमेशकुमार शर्मालाई सार्वजनिक खरिद अनुगमन कार्यालय, कृष्णचन्द्र पौडेललाई कृषि विकास, केदारबहादुर अधिकारी र महेश दाहाललाई प्रधानमन्त्री कार्यालय, राजेन्द्र नेपाललाई महालेखा नियन्त्रकको कार्यालय, इन्द्रप्रसाद उपाध्यायलाई वाणिज्य तथा विष्णुप्रसाद नेपाललाई आपूर्ति मन्त्रालयमा सरुवा गरिएको मन्त्री राईले बताए । त्यसैगरी, सरकारले केही सहसचिवलाई कायममुकायम सचिवको जिम्मेवारी पनि दिएको छ ।

(बाँकी पृष्ठ २ मा)

## मोदी अचानक पाकिस्तानमा

**काठमाडौं / रास–** भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले आकस्मिक रूपमा शुक्रबार पाकिस्तानको भ्रमण गरेका छन् । अफगानिस्तानबाट भारत फर्कने क्रममा अचानक लाहोर पुगेका मोदीलाई पाकिस्तानी समकक्षी नवाज सरिफले विमानस्थलमा स्वागत गरेका थिए ।

दुई देशबिच तिक्ततापूर्ण सम्बन्ध रहेका बेला भएको मोदीको पाकिस्तान भ्रमणलाई अर्थपूर्ण रूपमा हेरिएको छ । सरिफको घरमा मोदीका लागि रात्रिभोजको आयोजना गरिएको अन्तर्राष्ट्रिय सञ्चार माध्यमले उल्लेख गरेका छन् । पाकिस्तानी प्रधानमन्त्री सरिफको जन्मदिन पनि शुक्रबार नै परेको थियो ।

(बाँकी पृष्ठ ३ मा)

राजधानी कुरा-कुरी




-उत्तम नेपाल

पख्नोस ! इन्धन अभाव हटाउन ग्याँसमन्त्री, डिजेलमन्त्री, पेट्रोलमन्त्री, मटितेलमन्त्री थप्दिन्छु !

# बिजुली वितरण प्रणाली ध्वस्त हुने खतरा

**भीम गौतम / काठमाडौं**

क्षमताभन्दा बढी विद्युत्को चाप (ओभरलोड) का कारण नेपाल विद्युत् प्राधिकरणको वितरण प्रणाली नै ध्वस्त हुने अवस्थामा पुगेको छ । खाना पकाउन, मट्टीतेल अभावका कारण बिजुलीको माग अत्यधिक बढेपछि ओभरलोड हुँदा विद्युत् प्राधिकरणको वितरण प्रणाली नै ध्वस्त हुने अवस्थामा पुगेको हो ।

प्राधिकरणले ३ सय ५० मेगावाटको हाराहारीमा थेग्ने गरी मात्र फिडरको व्यवस्था गरे पनि अहिले ४ सय १५ मेगावाट नाघेको छ । प्रणालीभन्दा बढी विद्युत्को लोड पुगेपछि र सरकारले लोड कम गर्न वैकल्पिक व्यवस्था गर्न नसकेपछि यस्तो अवस्था आएको हो । 'केही फिडर पुरै ट्रिप हुन थालेका छन्, यसले वितरण प्रणालीनै ध्वस्त हुने हो कि भन्ने खतरा बढेको छ, विकल्प नदिने र लोड यसैगरी बढ्दै जाने हो भने गम्भीर समस्या आउँछ,' विद्युत् प्राधिकरणका ग्राहक तथा वितरण निर्देशनालयका एक अधिकारीले राजधानीसँग भने, 'साँखु, सामाखुसी, स्वयम्भूलगायतका केही फिडर पुरै ट्रिप भएका छन्, फिडर नै ट्रिप हुनु भनेको ठुलो र खतरनाक संकेत हो ।'

ओभरलोड भएर क्षमता बढाइराखेका ट्रान्सफर्मरहरूसमेत क्षमता धान्न नसकेर जल्न थालेपछि प्राधिकरणको ग्राहक तथा वितरण निर्देशनालयका अधिकारीहरू थप तनावमा पर्न थालेका छन् । उनीहरू बिजुली नै नपाएर इन्डक्सन चुलोलगायतका बढी लोड लिने उपकरणहरू उपभोक्ताहरूले कम प्रयोग गर्न थाले मात्र वितरण प्रणाली ध्वस्त हुनबाट जोगिने भन्दै तत्कालीन समस्या समाधानमा केन्द्रित बनेका छन् । गत १२ वैशाखमा गएको भूकम्पका कारण काठमाडौं उपत्यकाको वितरण प्रणाली ध्वस्त भएकोमा आठ घन्टाभित्र त्यसलाई सिंहदरबार, एयरपोर्टलगायतका मुख्य ठाउँमा पुनःस्थापना गर्न सफल भएको थियो । तर, अहिले विद्युत् प्राधिकरण व्यवस्थापन के गर्ने/नगर्ने भन्ने अन्योलमा छ ।




अहिलेको अवस्था अन्त्यका लागि ट्रान्सफर्मर र फिडरहरूको क्षमता दोब्बर बनाउनुपर्छ । तर, ऊर्जा मन्त्रालय र प्राधिकरण व्यवस्थापनले यसतर्फ ठोस कार्ययोजना बनाएर अघि बढाउनेतर्फ ध्यान दिएकै छैन । 'ऊर्जा मन्त्रालय-नेपाल विद्युत् प्राधिकरण द्वन्द्वले न प्राधिकरण व्यवस्थापन न ऊर्जा मन्त्रालयले वितरण प्रणाली सुधार्न कुनै योजना अघि बढाएको छ, खालि चिन्ता मात्र प्रकट गरिरहेको देखिन्छ,' प्राधिकरण ती अधिकारीले भने । प्राधिकरणको काठमाडौं उपत्यकाभित्र रत्नपार्क, बानेश्वर, कुलेश्वर, महाराजगन्ज, कीर्तिपुर, जोरपाटी, लगनखेल, पुल्चोक, भक्तपुर र ठिमीमा वितरण केन्द्रहरू छन् । अधिकांश क्षेत्रमा विद्युत्को लोड वृद्धि भएको छ ।

वितरण तथा ग्राहक निर्देशनालयका अनुसार ओभरलोडले मंसिरदेखि यता काठमाडौं उपत्यकाभित्र मात्र १ सय ५८ ओटा ट्रान्सफर्मर जलेका छन् भने ८ सय ५० भन्दा बढी क्षेत्रमा तार केबल जलेका छन् । ओभरलोडका कारण २ सय ८० भन्दा बढी एमसीबी जलेको पनि प्राधिकरणले जनाएको छ । ओभरलोडकै क्रममा ४ हजार फ्युज जल्नुका साथै ६ हजार २ सय ४० पटक एमसीबी अन अफ भएको प्राधिकरणले जनाएको छ । ओभरलोड हुनेबित्तिकै एमसीबी जल्दा त्यसबाट ट्रान्सफर्मर जोगिने भए पनि अत्यधिक भएकाले ट्रान्सफर्मरसमेत जलेको प्राधिकरण काठमाडौं क्षेत्रीय कार्यालय प्रमुख प्रकाशचन्द्र श्रेष्ठ बताउँछन् ।

'सामान्य अवस्थामा काठमाडौं उपत्यकाको माग ३ सय १५ मेगावाटको हाराहारीमा छ । तर, अहिले खाना पकाउन इन्डक्सन चुल्होलगायतको प्रयोग अत्यधिक बढेकाले ४ सय १५ मेगावाट पुगेको छ,' उनले भने, 'सरदर विद्युत्को माग सामान्य अवस्थाभन्दा ३३ प्रतिशतले बढेको छ, यो चापले ट्रान्सफर्मर, एमसीबी, फिडरलगायत जल्नेक्रम अत्यधिक बढेको छ ।' उनी बत्ती आउनेबित्तिकै एकै पटक सबैले खाना पकाउने, पानी तान्ने, इन्र्भटर चार्ज गर्नेलगायतका अधिकांश काम गर्न विद्युत् प्रयोग गर्न थालेका कारण अत्यधिक विद्युत् लोड बढेको बताउँछन् ।

(बाँकी पृष्ठ ३ मा)

सत्तारूढलाई मधेसी मोर्चाले भन्यो

# तिन महिनामा सीमांकन टुंग्याउने आधार देऊ

**रामकृष्ण अधिकारी / काठमाडौं**

संविधानविरुद्ध आन्दोलनरत संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाले राजनीतिक सहमतिका आधारमा तिन महिनाभित्र सीमांकन परिमार्जन गर्ने मुख्य तिन दलको प्रस्तावको विश्वसनीय आधार खोजी गरेको छ । राजनीतिक गतिरोध अन्त्यको प्रयासका लागि सरकारको प्रस्तावका आधारमा राजनीतिक भेटघाट तीव्र बनाएका एकीकृत एमाओवादी अध्यक्ष पुष्पकमल दाहालसँग मोर्चाका नेताहरूले विश्वसनीय आधार खोजी गरेका हुन् ।

शुक्रबार एमाओवादी अध्यक्ष दाहालसँगको भेटमा संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाका मुख्य दुई घटक संघीय समाजवादी फोरम अध्यक्ष उपेन्द्र यादव र तराई-मधेस लोकतान्त्रिकका अध्यक्ष महन्थ ठाकुरले विश्वसनीय आधार प्रस्तुत गर्न आग्रह गरेका थिए ।

'मधेसमा आन्दोलनको रापताप चलेको बेलासमेत सरकारले सीमांकन परिमार्जनको माग सम्बोधन गर्न नचाहिरहेको सन्दर्भमा आन्दोलन फिर्ता लिएर मुद्दा सम्बोधन हुन्छ भन्ने विश्वासिलो आधार के छ ?' दाहालसँग मोर्चाका नेताद्वयले राखेको भनाइ उद्धृत गर्दै फोरम अध्यक्ष यादवका सहयोगी महेश चौरासियाले राजधानीसँग भने, 'मुद्दा सम्बोधन हुने पहिले आधार देखाउनुहोस्, हामी पनि सहमतिमा आउन आतुर छौं ।'

व्यवस्थापिका संसद्मा दर्ता भएको संविधान संशोधन विधेयक अगाडि बढाउने र तराई मधेसमा मोर्चाले जारी राखेको आन्दोलनको पनि राजनीतिक समाधान खोज्ने प्रयास स्वरूप दाहालले शुक्रबार यादव र ठाकुरसँग राजधानीकै एक निजी निवासमा अनौपचारिक छलफल गरेका थिए । दाहालले भने सहमतिका लागि दुई विकल्पमा मोर्चाका नेताहरूसँग परामर्श गरेका छन् । उनले पहिलो विकल्पका रूपमा सरकारले अघि सारेको तिन दलको प्रस्तावमा सहमतिमा आउन र त्यसो नहुँदा दोस्रो विकल्पमा आफूले केही जिल्ला टुक्र्याएरै भए पनि सहमति खोज्न राखेको प्रस्तावमा भए पनि लचकताका साथ प्रस्तुत भइदिन आग्रह गरेका थिए ।

उनले आफूले सत्ता सहयात्री दल एमाले र प्रमुख प्रतिपक्षी कांग्रेससँग पनि लचकता प्रदर्शन गर्न पटकपटक आग्रह गरेको मोर्चाका नेताहरूलाई जानकारी गराएका थिए । 'अब ढिला गर्नुहुन्न, सहमतिमा सबै पक्ष लचकताका साथ आउनैपर्छ, सबैले आ-आफ्नो ठाउँबाट लचकता प्रदर्शन गर्नैपर्छ,' मोर्चाका नेतासँग दाहालको भनाइ थियो । दाहालको सो प्रस्तावलाई मोर्चाका नेताद्वयले भने पहिले नै अस्वीकार गरिसकेको भन्दै त्यसैमा मात्र केन्द्रित बहसले समाधान ननिस्कने बताएको यादवका सहयोगी चौरसियाले जानकारी दिए ।

(बाँकी पृष्ठ २ मा)

# सीमांकन हेरफेरमा खुला छौं : प्रधानमन्त्री

राजधानी समाचारदाता/काठमाडौं

प्रधानमन्त्री केपी शर्मा ओलीले नयाँ संविधानले सात प्रदेश व्यवस्था गरे पनि सीमांकन हेरफेर विषय सधैं खुला रहेको प्रस्ट पारेका छन् ।

राजधानीमा शुक्रबार आयोजित कार्यक्रममा बोल्दै प्रधानमन्त्री ओलीले संविधानले व्यवस्था गरेका प्रदेश प्रयोग गरेर 'जे निष्कर्ष निस्कन्छ, त्योबमोजिम अघि बढ्ने विषयमा कुनै विवाद नभएको' पनि प्रस्ट पारे । 'संविधानले सबैलाई अधिकार दिएको' बताउँदै उनले 'संविधानले नै राजनीतिक, आर्थिक, सामाजिक अधिकार संरक्षण गरेको' दाबी पनि गरे ।

संवैधानिक हैसियतसाथ नयाँ संविधान आएकाले पहिलेका संविधानजस्तो यो संविधानलाई कसैले थिचोमिचो गर्न नसक्ने उनको कथन छ । 'संविधानसभाभित्र र बाहिरका पक्षले संवैधानिक हैसियत घटाउने र रिक्ततामा देश फर्काउने कार्य गरे पनि केही हुनेवाला छैन,' प्रधानमन्त्री ओलीले भने, 'उनीहरू पनि बिस्तारै यसलाई मान्न बाध्य हुनेबाहेक अरू केही हुने छैन, संविधान संसद्को दुई तिहाइले मात्र हेरफेर गर्न सक्छ ।'

रचनात्मक ढंगले दृढतासाथ संविधान कार्यान्वयन गर्नुपर्नेमा जोड दिँदै उनले मधेसवादी आन्दोलन सामान्यीकरण गर्ने अन्तिम चरणमा रहेको जानकारी गराए । 'गल्ती गर्नेलाई मात्र नभई कामै नगर्नेलाई कारबाहीको दायरामा ल्याउनुपर्छ,' प्रधानमन्त्री ओलीले भने, 'देश र जनताका निम्ति केही गरौं भन्नेबाहेक यो सरकारको अरू कुनै उद्देश्य छैन ।'

प्रधानन्यायाधीश कल्याण श्रेष्ठले जनतासामु संविधानमा भएको व्यवस्थाबारे सही जानकारी पुग्न नसकेको बताउँदै संविधान जारी भएको लामो समय बितिसक्दा पनि जनताले स्वामित्व लिन नपाएको जिकिर गरे । 'बालकजस्तै संविधानको जीवन प्रारम्भ भएको छ, यसलाई मलजल गरेर हुर्काउन बाँकी छ,' श्रेष्ठले भने, 'यो संविधानले जनताको आवश्यकता समेटेको छ, संविधान आदर्श बिन्दु हुन सक्दैन, सर्वोत्कृष्ट पनि हुन सक्दैन, राम्रो मात्र हुन सक्छ ।'

सम्पूर्ण निकायमा पुनःसंरचनामा जानुपर्ने आवश्यकता औंल्याउँदै श्रेष्ठले सडकदेखि सदनसम्म राजनीतिक सक्रियता देखिएको उल्लेख गरे । 'संविधानविरोधी आवाज आउनु ठुलो होइन,' उनले भने, 'संविधानले न्यायोचित सम्बोधन गर्‍यो/गरेन, त्यो महत्त्वपूर्ण हो ।'

संविधान कार्यान्वयन गर्न कठिनाइ भएकाले न्याय प्रशासन विषयमा छुट्टै ऐन ल्याउनुपर्नेमा जोड दिँदै प्रधानन्यायाधीश श्रेष्ठले थपे, 'नत्र, कार्यान्वयनमा समस्या आउँछ, यसले अदालतले नयाँ नियुक्ति गर्न सक्छौं, अदालतको गति अघि बढ्न सक्छ ।'

सांसदहरूले धमाधम कानुन बनाउनुपर्नेमा उल्लेख्य बनाउन नसकेको औंल्याउँदै उनले संवैधानिक इजलास गठन गरे पनि स्थान नहुँदा पालभित्र इजलास चलाउनुपर्ने अवस्था आएको दृष्टान्त सुनाए । 'खेल खेल्ने नियम नै बदलेर आफूअनुकूलको खेल खेल्ने कुराले समस्या परिरहेको छ,' उनले भने, 'यो राज्य गफाडीको होइन, स्वाभिमानी नेपालीको राज्य हो ।'

सर्वोच्च अदालतका न्यायाधीश सुशीला कार्कीले नयाँ संविधानले ६ सय १ सांसदको भावना प्रतिविम्बित गरेको बताइन् । संविधान जारी गर्दा सामान्य विरोध नभएको कुनै पनि मुलुक नभएको बताउँदै उनले संविधान कार्यान्वयन गर्दै जाने र नसमेटिएका विषय बिस्तारै समेट्दै जानुपर्नेमा जोड दिइन् ।

सामान्य प्रशासनमन्त्री रेखा शर्माले संविधान निर्माणमा प्रदर्शन भएको एकता कार्यान्वयनमा पनि आवश्यक रहेको औंल्याइन् ।



बाह्रौं ज्यापू दिवसका अवसरमा ज्यापू संस्कृति विकास कोषले शुक्रबार राजधानीमा आयोजना गरेको कार्यक्रममा चाँदीको सिक्का सार्वजनिकीकरण गर्दै प्रधानमन्त्री केपी शर्मा ओली । तस्बिर : रासस

# 'सडक-गोष्ठीमा बजेट पार्‍यो' भन्दै आपत्ति

राजधानी समाचारदाता/भक्तपुर

स्वास्थ्य बजेट कटौती गरी सडक र गोष्ठीलगायतमा विनियोजन गरेको भन्दै सरोकारवालाले आपत्ति जनाएका छन् ।

पहुँचवालाले आफ्ना घर आँगनमा धारा र बाटो पुर्‍याउन स्वास्थ्यमा बजेट विनियोजन गर्ने गरेको उनीहरूको आरोप छ । सरुवाबाट ४० र नसर्ने रोगबाट ६० प्रतिशत सर्वसाधारणको मृत्यु भइरहेको बताउँदै स्वास्थ्य अधिकार तथा सुर्ती नियन्त्रण जिल्ला सञ्जाल, भक्तपुर संयोजक रत्नश्वरी चवालले 'स्थानीयका अतिरिक्त मानव विकासका लागि पनि अनिवार्य बजेट विनियोजन गर्नुपर्ने'मा जोड दिइन् ।

नगरकोट नगरपालिका र ताथली स्वास्थ्य चौकीद्वारा आयोजित 'स्वास्थ्य बजेट' विषयक अन्तर्क्रियामा उनले 'घरघरमा गाडी पुग्ने कालोपत्रे सडकभन्दा पोषण, शुद्ध खानेपानी, स्वास्थ्यमा पहुँच, उपचारमा सहयोग पुर्‍याउनेलगायतमा सहयोग पुग्ने गरी बजेट विनियोजन गरिए जनता गरिबीको मारमा नपर्ने' दाबीसमेत गरिन् ।

नगरकोट नगरपालिकाका अधिकृत पुष्पराम लिवीले अनावश्यक क्षेत्रमा बजेट माग हुने गरेको बताउँदै स्वास्थ्यमा भने माग नहुने गरेको जानकारी दिए । स्थानीय निकायले स्वास्थ्य क्षेत्रमा बजेट विनियोजन गर्नैपर्ने भए पनि तल्लो तहबाट नहुँदा समस्या उत्पन्न हुने गरेको उनको प्रस्टोक्ति छ ।

ताथली स्वास्थ्य चौकी प्रमुख हरिनारायण भट्टराईले स्थानीयमा स्वास्थ्य बजेटसम्बन्धी भ्रम रहेको औंल्याए । 'स्वास्थ्यको काम जति स्वास्थ्य चौकीले गरिहाल्छ, बजेट पनि उसैले ल्याइहाल्छ भने गलत बुझाइरहेको छ,' उनले भने, 'यही कारण स्थानीय निकायमा बजेट विनियोजन हुन नसकेको हो, स्वास्थ्य चौकीले पनि अत्यावश्यक क्षेत्रमा खर्च गर्न सकिरहेको छैन ।'

महिला स्वास्थ्य स्वयंसेविका तथा वडा नागरिक मञ्चका सरिता न्यौपानेले मञ्चको मागबमोजिम बजेट विनियोजन नहुँदा जनता स्वास्थ्य सेवा अधिकारबाट वञ्चित भइरहेको गुनासो गरिन् ।

# एकै दिन मनाइए चार पर्व

राजधानी समाचारदाता/काठमाडौं

उपत्यकालगायत आसपास जिल्लाका नेवार समुदाय शुक्रबार योमरी पुन्ही मनाए भने किरात समुदाय साकेला सिलीसँगै उधौलीमा रमे ।

क्रिस्चियन धर्मावलम्बी 'मेरी क्रिसमस' भन्दै सुखियाली बाँड्दै थिए । उता, ज्यापू समुदाय 'ज्यापू दिवस' मनाउँदै देखिए ।

२५ डिसेम्बरमा इसाई धर्मका प्रणेता जिसस क्राइस्ट जन्मिएको दिनको उपलक्ष्यमा 'क्रिसमस डे' मनाउने गरिन्छ। जसलाई क्रिस्चियन धर्मावलम्बी शुभकामना र उपहार साटासाट गर्दछन् । जिससको जन्मदिनको अवसर पारेर २ हजार १५ वर्षदेखि यो पर्व मनाउन थालिएको हो ।

त्यस्तै, नेवार समुदायमा महत्त्वपूर्ण मानिने योमरी पूर्णिमा शुक्रबारै धुमधाम मनाइयो । हेमन्त ऋतुको पहिलो पूर्णिमामा मनाइने पर्वमा नयाँ चामलको पिठोबाट योमरी अर्थात् चामलको रोटीलगायत परिकार बनाएर खाने चलन छ ।

ज्यापू समुदायले पनि आफ्नो घरमा रहेको धानले भरिएको भकारीमा योमरी राखी पूजा गर्ने परम्परा छ । धान रोपेर अन्न फलाइसकेर भकारी भरेपछि धानलगायतका 'अन्न कमी नहोस्' भनेर योमरी बनाएर पूजा गरी भकारीमा राख्ने चलन छ । यो दिनलाई धान्य पूर्णिमा पनि भनिन्छ ।

योमरी पूर्णिमाको दिनलाई केही वर्षदेखि ज्यापू दिवसका रूपमा पनि मनाइँदै आएको छ । दिवसकै अवसरमा ललितपुरमा रहेका ४० टोलमा दीप प्रज्वलन गरी सांस्कृतिक कार्यक्रम गरिएको छ ।

यता, किरात समुदायमा शुक्रबारै उँधौली पर्व मनाइएको छ। यस समुदायका याक्खा, सुनुवार, लिम्बू, राईलगायतले मौलिक परम्पराअनुसार इष्ट देवताको पूजापाठ गरी मिष्ठान्न भोजन र शुभकामना दिँदै नाचगान गरेका छन् ।

किराती उँधौली र उँभौलीमा प्रकृति र पितृको पूजा गर्छन् । मंसिरे पूर्णिमाबाट जाडो सुरु हुने भएकाले लेकका चराचुरुंगी र खोलाका माछा बेंसीतिर झर्ने भएकाले पर्वलाई उँधौली भनिएको हो । वैशाखे पूर्णिमाबाट चराचुरुंगी र माछा लेकतिर लाग्ने गरेकाले त्यतिबेला उँभौली मनाइन्छ ।

## इन्धन र ग्याँसको...

यसअघि नै सरकारले भारतीय आयल निगमसँगको एकाधिकार अन्त्य गर्दै चीनबाट इन्धन ल्याउने निर्णय गरेको थियो । संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाको आन्दोलनप्रति समर्थन जनाउँदै भारतले नाकाबन्दी गरेपछि नेपालमा इन्धनको हाहाकार भएको छ। इन्धन संकटमा परेको नेपाललाई चीनले १३ लाख लिटर पेट्रोल अनुदान दिएको थियो भने थप तेल दिन पनि सकारात्मक देखिएको छ। थापासँगको बिहीबार भएको भेटमा चिनियाँ उपराष्ट्रपति ली युनचाओले ऊर्जा र भूकम्पपछिको पुनर्निर्माणका साथै पर्यटन क्षेत्रमा नेपालसँग सहकार्य गर्न तयार रहेको उल्लेख गर्दै थप इन्धन उपलब्ध गराउन सकिने बताएका थिए ।

त्यस्तै, चीन-नेपाल सीमा व्यापार विस्तार गर्न सुख्खा बन्दरगाह तथा सीमा नाकाहरू व्यवस्थित गर्ने सहमति पनि भएको छ । तीव्रताका साथ काम गरी भूकम्पका कारण अवरुद्ध बनेको राजमार्ग खुलाउन दुवै देश सहमत भएको चिनियाँ समाचार संस्था सिन्ह्वाले जनाएको छ। वार्तामा दुई देशबिच पारवहन र द्विपक्षीय लगानी संरक्षण तथा प्रवर्द्धन सम्झौता (बिप्पा) सन्धि गर्न सक्रियता साथ अध्ययन गर्ने सहमति पनि भएको परराष्ट्र मन्त्रालयद्वारा जारी विज्ञप्तिमा उल्लेख छ । आपसी व्यापार तथा लगानी सहयोगको प्रवर्द्धन गर्दै चीनले नेपाली उत्पादित वस्तुको आयात गरी नेपालको आफ्नो विकास रणनीतिमा सघाउने प्रतिबद्धता पनि जनाएको छ। चीनले भूकम्पपछिको पुनर्निर्माणमा सक्दो सघाउने वचनसमेत दिएको छ। नेपाल र चीन विद्यमान सीमा नाकाको स्तरोन्नति तथा सञ्चालनका साथै दुई देशबिचको सम्पर्क बढाउन अन्य नाका सुरु गर्न सहमत भएका छन् । गत वैशाख १२ गतेको भूकम्पबाट अवरुद्ध भएको तातोपानी-जङ्मु नाका प्राथमिकताका साथ पुनः सञ्चालन गर्न पनि चिनियाँ पक्षले सहमति जनाएको छ। शुक्रबार भएको सहमतिमा वर्तमान नाकालाई पुनः प्रयोग गर्ने विषयमा नेपालले राख्दै आएको तातोपानी नाकालाई नियमित गर्ने कुरामा चीनले सहमति जनाएको हो । चीनले केरुङ नाकालाई प्राथमिकतामा राखे पनि नेपालको बारम्बारको आग्रहपछि तातोपानी नाकालाई पनि नियमित राख्ने सहमति जनाएको हो । त्यसैगरी, बोआवो फोरममा चिनियाँ राष्ट्रपति सी जिन पिङले अरनिको राजमार्गको पुनर्निर्माण तथा विस्तार गर्न घोषणा गरेको सहयोगमा पनि दुई पक्षीय सहमति भएको छ । शुक्रबार नै नेपाल र चीनबिच अरनिको राजमार्ग तथा पारस्परिक सम्पर्कका अन्य सञ्जाल र परियोजनाको मर्मत सम्भारसम्बन्धी आर्थिक एवं प्राविधिक सहयोगको सम्झौतामा अर्थ सचिव लोकदर्शन रेग्मी र चिनियाँ वाणिज्य सचिव झाङ झयाङचेनले हस्ताक्षर गरेका छन् । उक्त कार्यका लागि चीनले ९० करोड चिनियाँ युआन अनुदानस्वरूप उपलब्ध गराउनेछ ।

चीनले नेपाली उत्पादनलाई प्राथमिकता दिने प्रतिबद्धता पनि व्यक्त गरेको छ। शून्य भन्सार दरमा नेपाली उत्पादनलाई चिनियाँ बजारमा प्रवेश गराउने सैद्धान्तिक सहमति पहिले नै भएको भए पनि नेपाली व्यवसायीले विभिन्न झन्झट बेहोर्नुपरेको गुनासो गर्दै आएका थिए। अहिलेको सहमतिले नेपाली उत्पादनलाई सहज रुपमा चिनियाँ बजारमा प्रवेश गराउने कुरामा चीनले निकै खुकुलो नीति लिने बताएको छ। यससँगै नेपालको आवश्यकताअनुरूप औद्योगिक प्रणाली स्थापना गर्न पनि चीनले सघाउने प्रतिबद्धता व्यक्त गरेको छ । नेपाललाई अन्तरदेशीय व्यापारमा अरू सुविधा दिन पनि चीन तयार भएको छ ।

परराष्ट्र मन्त्रालयका अनुसार विगत ६० वर्षमा नेपाल-चीन सम्बन्ध घनिष्ठ रूपमा अगाडि बढेको ठहर गर्दै बैठकले अर्को वर्ष प्रधानमन्त्री तहको उच्च भ्रमण आदानप्रदान गर्ने सहमति भएको छ। भेटवार्तामा चिनियाँ विदेशमन्त्रीले प्रधानमन्त्री केपी शर्मा ओलीलाई चीन भ्रमणको निम्तोसमेत दिएका छन्। त्यस्तै, उपप्रधान तथा परराष्ट्रमन्त्री कमल थापाले राष्ट्रपति विद्या भण्डारीले चीनका राष्ट्रपति सी जिन पिङलाई नेपाल भ्रमणका लागि गरेको निम्तो चीनका परराष्ट्रमन्त्री वाङ यीमार्फत हस्तान्तरण गरेका छन् ।

त्यस्तै, चीनले भूकम्पपछि नेपाल भ्रमण गर्दा सुरक्षा सतर्कता अपनाउन चीनले जारी गरेको सूचना शुक्रबारदेखि नै हटाइएको छ भने नेपालले चिनियाँ पर्यटकलाई भिसा आवेदन शुल्क मिनाह गर्ने घोषणा गरेको छ । यो निर्णयसँगै नेपालको पर्यटन प्रवर्द्धनमा सहयोग गर्ने वार्तामा सहभागी नेपाली प्रतिनिधि मण्डलको विश्वास छ। द्विपक्षीय वार्तामा चीनका विदेशमन्त्री वाङ यीले आन्तरिक राजनीतिक संक्रमण सफलता साथ पार गरेर नेपाल ऐतिहासिक रूपमा आर्थिक विकासको युगमा प्रवेश गरेको र त्यसमा सहयोग गर्न चीन निकै उत्सुक रहेको बताएका थिए । वार्तापछि आयोजित संयुक्त पत्रकार सम्मेलनमा विदेश मन्त्री यीले चीन, नेपाल र भारतले त्रिदेशीय आर्थिक करिडोर निर्माण गरी संयुक्त फाइदा लिनुपर्ने बताए । तिन देशबिच सहकार्य भए प्रतिस्पर्धाभन्दा आपसी फाइदा बढी हुने वाङको तर्क थियो। चीन-नेपाल कूटनीतिक सम्बन्ध स्थापना भएको ६०औं वार्षिक उत्सवको अवसरमा परराष्ट्रमन्त्री थापा कानुनमन्त्री अग्नि खरेलसहित नौ सदस्यीय टोलीको नेतृत्व गर्दै बुधबार बेइजिङ गएका थिए ।

## तिन महिनामा...

मोर्चाका नेतासँग दाहालले आइतबारबाट व्यवस्थापिका संसद्मा दर्ता भएको संविधान संशोधन विधेयक अगाडि बढाउने विषयमा पनि छलफल गरेका थिए । मोर्चाले भने संसद्मा दर्ता भएको विधेयक अगाडि बढाउने वा नबढाउने भन्ने सत्तारूढ दल तथा कांग्रेसको कुरा भएको भन्दै माग सम्बोधन नभएसम्म मधेसमा जारी आन्दोलन नरोकिने जनाएका छन् । सीमांकन परिमार्जन, जनसंख्याका आधारमा निर्वाचन क्षेत्र, समानुपातिक/समावेशिताका विषय सम्बोधनको माग राख्दै मोर्चाले १ सय ३३ दिनदेखि मधेसमा आन्दोलन जारी राखेको छ । राजनीतिक गतिरोध अन्त्यका लागि दाहालले आन्दोलनरत मधेसी मोर्चा मात्र नभई, सत्तारूढ दल तथा प्रमुख प्रतिपक्षी दलका नेताहरूसँग पनि छलफल गरेका छन् ।

शुक्रबारै दाहालले प्रधानमन्त्री केपी शर्मा ओली, एमाले नेता माधवकुमार नेपाल र कांग्रेस महामन्त्री कृष्णप्रसाद सिटौलासँग छलफल गरेको सहयोगी शिव खकुरेलले जानकारी दिए । उनले प्रधानमन्त्रीलाई बालुवाटार, नेपाल र सिटौलालाई आफ्नै निवासमा छुटाछुट्टै भेट गरेका हुन् । 'राजनीतिक गतिरोध अन्त्य गर्ने सन्दर्भमा अध्यक्षले भेटघाट तीव्र बनाउनुभएको हो,' खकुरेलले राजधानीसँग भने, 'तराई-मधेसको समस्या समाधान गर्न र व्यवस्थापिका संसद्को गतिरोध हटाउने विषयमा राजनीतिक परामर्श थाल्नुभएको हो ।'

## पुनर्निर्माण...

जसअनुसार सहसचिव मधुसूदन अधिकारीलाई कायमुकायम सचिवसहित राष्ट्रिय पुनर्निर्माण प्राधिकरणमा सरुवा गरिएको छ। महेन्द्रमान गुरुङलाई पूर्वाञ्चल क्षेत्रीय प्रशासन, लक्ष्मीप्रसाद ढकाललाई मध्यमाञ्चल, शशीशेखर श्रेष्ठलाई मध्यपश्चिम, चन्द्रकुमार घिमिरेलाई सुदूरपश्चिमाञ्चल क्षेत्रीय प्रशासन तथा शंकरप्रसाद कोइरालालाई पश्चिमाञ्चल क्षेत्रीय प्रशासनमा कामु सचिवसहितको जिम्मेवारी दिएर पदस्थापन गरिएको छ ।

त्यस्तै, बैठकले थप दुई मन्त्रालय फुटाएर मन्त्रीहरूलाई नयाँ जिम्मेवारी दिएको छ । बैठकले कृषि मन्त्रालयबाट फुटाएर पशु विकास मन्त्रालय बनाई मन्त्री शान्ता मानवीलाई जिम्मेवारी दिइएको छ । उनले एक दिन मात्रै सम्हालेकी शान्ति तथा पुनर्निर्माण मन्त्रालयको जिम्मेवारी मन्त्री एकनाथ ढकाललाई दिइएको छ। त्यस्तै, वाणिज्य तथा आपूर्ति मन्त्रालय फुटाएर आपूर्ति मन्त्रालय बनाई मन्त्री दीपक बोहोरालाई जिम्मेवारी दिइएको छ ।

# चोरीमा संलग्न तिन पक्राउ

**काठमाडौं/रास–** प्रहरीले कालिमाटीबाट चोरीमा संलग्न तिनजना पक्राउ गरेको छ ।

काठमाडौं-१३ बस्ने रोल्पा घर्तीगाउँ-५ का २० वर्षीय दिनेश खड्का, गोरखा ताप्ले-६ का १९ वर्षीय राजु रोक्का र काठमाडौं टंकेश्वरी बस्ने धादिङ मेदी-८ का २० वर्षीय दीपक लामालाई चोरीका सामानसहित पक्राउ गरिएको हो ।

टेकु बस्ने काभ्रे धुसेनी-५ का ४२ वर्षीय हरिकुमार लामाको कोठाबाट ल्यापटप, मोबाइल, नगद तथा भीमसेनस्थानस्थित जक्सना खातुनको घरबाट आइफोन र नगदसमेत चोरी भएको घटना अनुसन्धानका क्रममा उनीहरू पक्राउ परेका हुन् ।

महानगरीय प्रहरी वृत्त कालीमाटीले एक थान ल्यापटप, एक थान डीभीडी प्लेयर, सात थान मोबाइल, एक थान आइफोन र नगद १६ हजार ५ सय रुपैयाँसहित उनीहरूलाई कालीमाटीबाट पक्राउ गरेको हो ।

यसैगरी, शिव सेना नेपालको नामको रसिद प्याड छपाइ जबर्जस्ती १५ हजार रुपैयाँ चन्दा उठाउँदै हिँडेको अवस्थामा काठमाडौं थापाथली बस्ने धनुषा शान्तिपुर-७ का ३१ वर्षीय सञ्जय राना बम्जन ललितपुर भनीमण्डलबाट शुक्रबार पक्राउ परेका छन् ।

# मिडिया सोसाइटीमा श्रेष्ठ

**काठमाडौं/रास–** नेपाल मिडिया सोसाइटीको नयाँ नेतृत्व चयन भएको छ। राजधानीमा सम्पन्न सोसाइटीको साधारण सभाले नेपाल समाचार पत्रका पुष्करलाल श्रेष्ठको अध्यक्षतामा नयाँ नेतृत्व चयन गरेको हो ।

सोसाइटी उपाध्यक्षमा माउन्टेन टेलीभिजनका राजु कँडेल र हिमालयन टाइम्सका उज्ज्वल शर्मा निर्वाचित भएका छन् ।

यसैगरी, महासचिवमा एबीसी टेलिभिजनका शुभशंकर कँडेल, सचिवमा आर्थिक अभियानका मदन लम्साल र कोषाध्यक्षमा कारोबार दैनिकका शिशिर भट्ट निर्वाचित भएका छन् ।


**नाम परिवर्तन सम्बन्धी सूचना**

शिव ज्योति हस्पिटल एण्ड रिसर्च सेन्टर प्रा.लि.को मिति २०७० /०९/२४ मा सम्पन्न वार्षिक साधारण सभाबाट यस कम्पनीको नाम परिवर्तन भई ... Shiva Jyoti Hospital Pvt. Ltd. ...

शिव ज्योति हस्पिटल प्रा.लि.

**कम्पनीको नाम परिवर्तन भएको सूचना**

...इन्टरनेशनल स्कूल काठमाडौं प्रा.लि.को मिति २०७२।८।... मा सम्पन्न विशेष साधारण सभाको निर्णयानुसार ...

**ललितपुर जिल्ला अदालतबाट जारी भएको म्यादी सूचना**

[illegible]

# साउदी अरेबियामा रोजगार

१. कम्पनी : WORK SHOP ABDULLAH M AL BURALK FOR MECHANICS AND TURNINGS — शहर : ksa

पूर्व स्वीकृत मिति : २०७२/९/९ — चलानी नं. : ५७३० — LT. No. 147726

| सि.नं. | कामदारको पद | संख्या | SR | ने.रु. | | | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | | खाने सुविधा | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Turings (Cylinder head seating) | 01 | 1500 | 42,000 | [illegible] | [illegible] | ८ घण्टा | ६ दिन | [illegible] | छ | [illegible] |

METTA INTERNATIONAL PVT. LTD.
Airport-09, Manpower Bazar, Kathmandu.
Tel : 4112976, 4112977, Fax: +977 1 4112978.
E-mail: info@mettain.com, mettainternational@gmail.com,
Web: www.mettaint.com

# दुवई र कतारमा रोजगार

१. कम्पनी : VALTRANS TRANSPORTATION SYSTEMS & SERVICES LLC — शहर : UAE

पूर्व स्वीकृत मिति : २०७२/९/०२ — चलानी नं. : ५०६१ — LT. No. 147428

| सि.नं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रु. | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | खाने सुविधा | बस्ने सुविधा |
|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Traffic Sings Contraoller | 300 | 0 | 1200 | 34,800 | ८ घण्टा | ६ दिन | छ | छ |

२ कम्पनी : E.H.K. CLEANING SERVICES L.L.C. — शहर : UAE

पूर्व स्वीकृत मिति : २०७२/९/०२ — चलानी नं. : ५०६३ — LT. No. 147427

| सि.नं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रु. | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | खाने सुविधा | बस्ने सुविधा |
|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Car Washer | 90 | 0 | 1000 | 29,000 | ८ घण्टा | ६ दिन | छ | छ |
| 2 | Cleaning Worker | 95 | 85 | 800 | 23,200 | | | | |

३ कम्पनी : SEA GULF FOR EQUIPMENTS CO. — शहर : Qatar

पूर्व स्वीकृत मिति : २०७२/९/०२ — चलानी नं. : ५०१८ — LT. No. 147333

| सि.नं. | कामदारको पद | पुरुष | महिला | QR | ने.रु. | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | खाने सुविधा | बस्ने सुविधा |
|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Exacavator Operator | 08 | 0 | 2200 | 63,800 | ८ घण्टा | ६ दिन | छ | छ |

४ कम्पनी : RAMSAN TRADING CONTRACTING — शहर : Qatar

पूर्व स्वीकृत मिति : २०७२/९/५ — चलानी नं. : ५११८ — LT. No. 147332

| सि.नं. | कामदारको पद | पुरुष | महिला | QR | ने.रु. | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | खाने सुविधा | बस्ने सुविधा |
|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour Helper | 03 | 0 | 1100 | 31,900 | ८ घण्टा | ६ दिन | छ | छ |
| 2 | Tile Fixer | 03 | 0 | 1100 | 31,900 | | | | |
| 3 | Ceramic Worker | 03 | 0 | 1100 | 31,900 | | | | |

५ कम्पनी : AL TTAYAR TRADING & TRANSPORT CO. — शहर : Qatar

पूर्व स्वीकृत मिति : २०७२/९/५ — चलानी नं. : ५२६२ — LT. No. 147331

| सि.नं. | कामदारको पद | पुरुष | महिला | QR | ने.रु. | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | खाने सुविधा | बस्ने सुविधा |
|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Mason | 03 | 0 | 1100 | 31,900 | ८ घण्टा | ६ दिन | छ | छ |
| 2 | Labour Helper | 03 | 0 | 1100 | 31,900 | | | | |
| 3 | Driver Light | 03 | 0 | 1400 | 40,600 | | | | |

ट्रष्ट नेपाल ओभरसिज प्रा. लि.
चप्पल कारखानाचोक, महाराजगन्ज, काठमाडौं,
Govt Lic.No. 259/058/59 फोन: ४३७७१९०/४३७७१९६, फ्याक्स ९७७-१-४३७९५८८

## छोटकरी

### विप्लव माओवादीको सभा

**कपिलवस्तु / रास-** नेकपा माओवादी विप्लव पक्षले चलाएको मेची-महाकाली युवा अभियानअन्तर्गत कपिलवस्तु आएको टोलीले शुक्रबार जिल्लाका विभिन्न स्थानमा र्‍यालीसहित कोणसभा गरेको छ।

माओवादीको राष्ट्रिय युवा स्वयंसेवकसहित आएको टोलीले जिल्लाको ओदारी-४ जितपुर, गोरुसिंगेमा कार्यक्रम गरेको छ । जितपुरमा कोणसभालाई सम्बोधन गर्दै माओवादीका लुम्बिनी उपब्युरो प्रमुख चन्द्रबहादुर चन्द (वीरजंगले) राष्ट्रिय स्वाभिमान र जनअधिकारका लागि आफ्नो पार्टीले देशभर अभियान नै सुरु गरेको बताए । त्यस्तै, ओदारीमा भएको कोणसभामा टोली कमान्डर प्रमुख पुनितले अभियानलाई सार्थक पारेरै छोड्ने जानकारी दिए ।

सभामा सहायक कमान्डर तारा, मीनबहादुर आले, नवीन कुँवरसमेतले सभालाई सम्बोधन गरेको क्रान्तिकारी पत्रकार संगठन कपिलवस्तुका अध्यक्ष अर्जुन बेल्वासेले जानकारी दिए ।

### मोर्चाको खबरदारी जुलुस

**राजविराज / रास-** मधेसी मोर्चा सप्तरीले शुक्रबार बिहानैदेखि सदरमुकाम राजविराजमा खबरदारी जुलुस प्रदर्शन गरेको छ।

स्थानीय गजेन्द्र चोकबाट निस्केको पैदल र मोटरसाइकल जुलुसले मधेसी एकता जिन्दावाद, मधेसको माग पूरा गर, मानव नरसंहार बन्द गर, हाम्रो आन्दोलन जारी छ लगायतका नारा लगाउँदै नगरको विभिन्न भागको परिक्रमा गरेको थियो ।

मोर्चाका जिल्ला संयोजक कपिलदेव यादव र नगर संयोजक उमेशप्रसाद साहको अगुवाइमा निस्केको खबरदारी जुलुसले नगरभित्र प्रवेश गर्न लागेका केही टेम्पु र म्याजिक भ्यानको साँचो खोसेका थिए।

### क्रिसमस मनाइयो

**कपिलवस्तु / रास-** कपिलवस्तुका इसाईहरूले आफ्नो प्रमुख चाड क्रिसमस शुक्रबार धुमधामसँग मनाएका छन्। जिजस क्राइस्टको जन्मोत्सवको अवसरमा मनाइने सो चाड इसाई धर्मावलम्बीले गिरजाघरमा एक आपसमा शुभकामना साटासाट गरेका हुन्।

यसुको सम्झना गर्दै जिल्लामा रहेका तिन दर्जन बढी गिरजाघरमा उनीहरूले सामूहिक प्रार्थना, मनोरञ्जन र भोजन गर्दै सो पर्व मनाएका हुन् । एक महिनादेखि करेल खेल्दै आएका इसाईहरूले क्रिसमसको अवसरमा एकआपसमा शुभकामना र उपहार दिँदै हर्षोल्लासका साथ पर्व मनाएका छन्।

उनीहरूले केक काटी अंगुरको झोल समेत पिएका थिए। गिरजाघरमा गरिएको विशेष कार्यक्रममा बाइबलको पाठ र यसुका विषयमा चर्चा गरिएको थियो । यस्तै, मनोरञ्जनका लागि सान्टा क्लजको प्रतीक प्रदर्शन गरिएको थियो।

### पूर्ण खोपयुक्त जिल्ला

**डडेल्धुरा / रास-** डडेल्धुरा जिल्लालाई शुक्रबार एक कार्यक्रमका बिच पूर्ण खोपयुक्त जिल्ला घोषणा गरिएको छ। जिल्लामा रहेका १२ महिनादेखि २३ महिनासम्मका ३ हजार ५ सय ९९ बालबालिका र एक वर्षमुनिका ३ हजार ६ सय बालबालिका लाई खोप दिएपछि जिल्लालाई पूर्ण खोपयुक्त जिल्ला घोषणा गरिएको हो।

देशभरि चौधै र सुदूरपश्चिममा चौथो जिल्लाको रूपमा पूर्ण खोपयुक्त जिल्ला घोषणा कार्यक्रम जिल्ला विकास समितिको डडेल्धुराको प्रांगणमा सम्पन्न भएको हो।



**बाह्रौं ज्यापू दिवस**

*बाह्रौं ज्यापू दिवसका अवसरमा ज्यापू संस्कृति विकास कोषले शुक्रबार काठमाडौंमा आयोजना गरेको र्‍यालीमा बाँसुरी बजाएर सहभागी हुँदै महिला।* **तस्बिर : रासस**

# वार्तामा सहभागी हुन मधेसी नेतालाई देउवाको आग्रह

**सुरेश पन्त / महेन्द्रनगर**

नेपाली कांग्रेसका वरिष्ठ नेता एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले दसगजा क्षेत्रमा धर्ना दिन छाडेर गम्भीर भएर वार्तामा सहभागी हुन मधेसी नेताहरूलाई आग्रह गरे।

शुक्रबार महेन्द्रनगरमा नेपाल जेसिजको ४२औं राष्ट्रिय महाधिवेशनको उद्घाटन गर्दै देउवाले यस्तो आग्रह गरेका हुन्। उनले विगतमा समेत वार्ताका माध्यमबाटै जटिल विषयलाई समाधान गरिएको चर्चा गर्दै अहिले देखिएको समस्या समेत वार्ताबाटै समाधान गर्न सकिने भएकाले नाकामा धर्ना छाडेर सहमति र सहकार्यका माध्यमबाट निकास दिनका लागि लचिलो हुन आन्दोलनरत दललाई आग्रह गरे।

उनले व्यक्ति गत ढगंबाट पनि अहिलेको वर्तमान समस्या समाधान गर्न गम्भीर भएर लागेको भन्दै समाधान गरेरै छाडेन दाबीसमेत गरे। संविधानमा केही संशोधन गर्नुपर्ने भए पनि त्यसलाई संशोधन गर्नका दलहरूसमेत तयार भइसकेको अवस्थामा मधेसवादी दलले वार्तामा नै नबस्न खोज्ने, दसगजामा बसेर धर्ना दिने लगायतका गतिविधि न्यायसंगत नभएकाले उनीहरू पनि समस्या समाधानमा गम्भीर हुनु आवश्यक रहेको उनको धारणा छ।

उद्घाटन कार्यक्रममा बोल्दै उनले संसद्मा पेस भएको संशोधन विधेयक पास गराउने विषयमा मधेसी सहमत नभएपनि उनीहरूलाई सहमतिमा ल्याएरै भए पनि पास गराउनका राजनीतिक दलहरू लागिरहेको बताए। पूर्वप्रधानमन्त्री समेत रहेका देउवाले जेसिज युवाहरूको भविष्य निर्माण गर्ने एकथलो भएकाले देश विकासमा युवालाई परिचालन गर्नका लागि पनि जेसिजको भूमिका अनिवार्य भएको धारणा राख्नुभयो। उहाँले जेसिजको नारालाई सम्बोधन गर्ने किसिमकै अहिले संविधान बनेको भन्दै उहाँले युवाशक्ति अघि नबढेसम्म देश विकासमा अघि बढ्न नसक्ने धारणा समेत राख्नुभयो।

जेसिजको महाधिवेशनमा समृद्धिका लागि युवा विषयमा एकीकृत नेकपा माओवादीका नेता रामनारायण बिडारीले आर्थिक समृद्धि गर्न विशेष पहल गर्नुपर्ने बताए। नेकपा एमालेका नेता रविन्द्र अधिकारी, , नेपाली काँग्रेसका महामन्त्री बिमलेन्द्र निधि, पूर्व सिचाईमन्त्री एनपि साउद र सभाषद रमेश लेखकलगायतका नेताहरुले आफ्ना भनाई राख्नुभएको थियो। राष्ट्रिय महाधिवेशनबाट नेपाल जेसिजको नेतृत्व चयन हुने छ।

नेपाल जेसिजको अध्यक्ष पदमा ११ जनाले उम्मेदवारी दिएका छन्। महाधिवेशनका लागि कार्यकारी उपाध्यक्षमा १६ जना र उपाध्यक्षमा २६ जना गरी ४६ जनाले उम्मेदवारी दिएका छन्। आजदेखि सुरु भएको महाधिवेशन ३ दिनसम्म चल्ने छ। महाधिवेशनमा सहभागि हुन देशभरिबाट ३५ सय प्रतिनिधिको सहभागीता रहेको छ।

# कृषिमन्त्रीलाई हलो उपहार

**दीपक बुढा / सुर्खेत**

कृषिमन्त्री हरिबोल गजुरेललेलाई सुर्खेतका कृषकले हलो उपहार दिएका छन्। कृषि तथा पशु आयोजनाबारे बुझ्न् सुर्खेत आएका मन्त्री गजुरेललाई पूर्वी सुर्खेतका अगुवा कृषक महिलाहरूले हलो उपहार दिएका हुन्।

पुरुष रोजगारीका लागि बाहिर गएकाले परम्परागत कृषि औजारहरू महिलामैत्री नभएको भन्दै मन्त्रीको ध्यानाकर्ष गर्न हलो उपहार दिएका थिए। हालसम्म निर्माण भएका कृषि औजारहरू पुरुषमैत्री भएकाले आफूहरूलाई काम गर्न असज हुने गरेको भनाइ राखेका छन्। मन्त्रालयले जारी गरेको २७ बुँदे रणनीतिक योजनाले कृषक महिलालाई समेट्न नसकेको भन्दै कृषकले आलोचना पनि गरेका छन्। 'नयाँ सरकार फेरिलगत्तै आकर्षक योजना सार्वजनिक हुन्छन् तर कार्यान्वयन कहिल्यै हुँदैन किन मन्त्रीज्यू ?,' कल्याणका कृषक लक्ष्मी पुनले भनिन्, 'आकर्षक योजना मात्र होइन साँच्चै प्रभावकारी रूपमा कार्यान्वयन गरेर भूमिहीन कृषकको हितमा काम गर्नुहोस्।' अधिकांश कृषकहरूले भूमिहीन तथा साना किसानलाई मन्त्रालयले समेट्न नसक्नु दुखद भएको बताए। नेटाका कृषक रैमती बुढाले गाउँमा उत्पादन हुने तरकारी र फलफूलको बजारीकरणमा समस्या भएको बताइन्।

गाउँबाट पाँच घन्टाको बाटो हिँडेर रामघाट ल्याउनु पर्ने बाँध्यता रहेको भन्दै उनले सहज ढुवानीका लागि मन्त्रालयले विशेष पहल थाल्न आग्रह गरिन्। 'तरकारी उत्पादन गरे पनि बजारको समस्या छ,' कृषक बुढाले भनिन्, 'उत्पादित तरकारी डोकोबाट ढुवानी गर्नुपर्ने बाँध्यताको अन्त्यहोस्।' कृषिमन्त्री गजुरेलसमक्ष सुर्खेतका कृषकले पेन्सनको व्यवस्था गर्न माग गरेका छन्। उनीहरूले सरकारी सेवामा कार्यरतले पेन्सन सुविधा पाउने तर वर्षौंदेखि कृषि पेसामा आबद्ध भएका कृषकलाई राज्यले अपहेलना गर्नु दुःखद भएको बताए। लामो सयमदेखि कृषिमा ज्यान दिन तयार रहेका कृषकलाई राज्यले भत्ताको व्यवस्था गर्नुपर्ने माग अघि सारेका छन्। यता, कृषिमन्त्री गजुरेलले आफूले मन्त्रालयको जिम्मेवारी लिएपछि सार्वजनिक गरेको २७ बुँदे रणनीतिले सबै कृषकलाई सम्बोन्धन गरेको जिकिर गरे। उनले त्यही रणनीतिभित्र विशिष्ट कार्यक्रम समावेश भएको, कृषिमा महिला सहभागिता बढाउनकै लागि नीति सार्वजनिक गरेको दाबी गरे।

उनले कृषि व्यवसायलाई आधुनिकीकरण गर्न विशेष प्याकेज ल्याउने तयारीमा रहेको समेत बताए। कृषिमा आबद्ध कृषकको तहगत आधारमा परिचय पत्र लागु गर्ने योजनामा रहेको पनि मन्त्रीले जानकारी दिए। उनले उच्च, मध्यम र निम्न तहका कृषकको पहिचान गरेर परिचय पत्र लागु गरिने उल्लेख गरे।

सरकारले उपलब्ध गराउने अनुदानसमेत परिचय पत्रका आधारमा बाँड्न सहज हुने भएकाले यो व्यवस्था लागु गर्न थालिएको उनको भनाइ थियो। मन्त्री गजुरेलले सरकारले दिँदै आएको अनुदान सम्बन्धित कृषकले नपाउने गरेको गुनासो बढेकाले परिचय पत्र लागु गर्दा असमानता हट्ने प्रतिक्रिया दिए।

'गाउँ-गाउँमा सेवा केन्द्र स्थापना गरेर कृषकको उत्पादित वस्तलाई संकलन गर्छौं,' मन्त्री गजुरेलले भने, '७५ जिल्लामै यो कार्यक्रम तत्काल लागु गर्न आफू हरबखत प्रयासरत छु।' महिलामैत्री कृषि औजार, पेन्सन, कृषि ज्यालामा समनाता ल्याउन आफू लागि परेको कृषकलाई मन्त्रीले बताए। उनले अवको दुई वर्षमा नेपाललाई खाद्यमा सक्षम बनाउने ठोकुवा गरे।

# 'संघीयताले राष्ट्रियता संकटमा'

**पाल्पा / रास-** उपप्रधानमन्त्री चित्रबहादुर केसीले मुलुकलाई संघीय संरचनामा लैजाने निर्णयले नै राष्ट्रियता, अखण्डता, सार्वभौमसत्ता संकटमा परेको बताएका छन्।

उनले यसैको आडमा विदेशी शक्ति केन्द्रले नेपालमा अस्थिरता कायम गराउन चलखेल गरेकाले संघीयता नेपालीका लागि पासो भएको बताए।

गृह जिल्ला बाग्लुङ र पाल्पाली पत्रकारसँग उपप्रधानमन्त्री केसीले संघीयताका बारेमा अन्य दलहरूले पनि सोच्न थालेको बताउँदै संघीयतासँग उपप्रधानमन्त्री नसाटेकाले यसमा आफ्नो पार्टीको अडान यथावत् रहेको बताए।

उनले तराईको समथर भूभाग २२ जिल्ला अलग गरी अन्त्यै मिसाउने खेलले तराईमा आन्दोलन गरिरहेको दाबी गर्दै राष्ट्रियता बचाउन सबै नेपाली एकढिक्का हुनुपर्ने बेला आएको बताए।

मधेस आन्दोलन समाधानका लागि ल्याएको ३ बुँदामा उल्लेख जनसंख्याको आधारमा निर्वाचन क्षेत्रको निर्धारणमा आफ्नो असमति रहेको बताउँदै भारतको चलखेममा तराई क्षेत्रबाट संसद्मा बहुमत पुऱ्याउने भएको खेल बताए।

भारतको चाहनाविपरीत नेपाली जनताका प्रतिनिधिले आफैंले संविधान जारी गरेकाले देशमा यो संकट आएको बताउँदै यस्तो परनिर्भरता हटाउने पाठ सिक्नुपर्ने बताए।

सहकारी तथा गरिबी निवारण मन्त्रालय सम्हालेका उपप्रधानमन्त्री केसीले गरिबी निवारण गर्ने मन्त्रालयको नाम दिने बजेट र कार्यक्रम अन्य मन्त्रालयमा लैजाने भएकाले सोचेजस्तो गरिबी निवारणका गतिविधि गर्न नसकिएको बताउँदै यसलाई कानुन बनाएर सच्चाउने पहल भइरहेको बताए।

# हात्तीलाई स्याहार नपुगेकामा चिन्ता

**राधेश्याम खतिवडा / चितवन**

पर्यटनमा प्रयोग हुने हात्तीलाई उचित स्याहार नपुगेको भन्दै सरोकारवालाले चिन्ता व्यक्त गरेका छन्। चितवनको रामपुर क्याम्पसमा अध्ययनरत विद्यार्थीहरुको संस्था 'वन हेल्थ नेपाल'ले आयोजना गरेको कार्यक्रममा सरोकारवालाहरुले पर्यटन प्रवर्द्धनका लागि हात्तीलाई प्रयोग गर्ने क्रमबढेको तर उचित स्याहारमा ख्याल नराखिएको बताएकाहुन्।

कार्यक्रममा बोल्दै इलाफेन्ट एड इन्टरनेसनलकी क्यारोल बक्लीले हात्तीको रेखदेख, आहार र व्यवहार उनीहरूको आचरणअनुकूल हुनु पर्ने बतइन्। नेपालमा मात्रै नभएर पर्यटनमा प्रयोग हुने धेरै घरेलु हात्तीले उचित व्यवहार नपाएको उनले बताइन्।

रामपुर क्याम्पसको भेटेनरी शिक्षण अस्पतालका प्रमुख प्रा.डा. श्यामकिशोर साहले हात्तीको उचित रखेदेख र व्यवहार नपाए खतरा उत्पन्न हुने बताउँदै हात्तीको उचित उचित रेखदेखका लागि नीति बनाउनका लागि सरकारलाई दबाब दिनुपर्ने बताए।

क्याम्पसका भेटेनरी कार्यक्रम प्रमुख डा. दिनेशकुमार सिंहले उचित स्याहार नपाउँदा हात्तीमा क्षयरोग जस्ता संक्रमण फैलने र यसले मानव स्वास्थ्यमा पनि असर गर्ने बताए।

हात्ती तनावमा आउँदा रोग पनि बढ्ने तर्फ सबैले ख्याल राख्नु पर्ने बताउँदै हात्ती पुर्णतया घरपालुवा जनावर भइनसकेको हुँदा प्राकृतिक वातावरण नै उसका लागि उचित हुने बताए।

वन हेल्थ नेपालका अध्यक्ष जितेन्द्र लामाले चितवन निकुञ्ज आसपासमा रहेका घरपालुवा हात्तीहरूमा क्षयरोगको संक्रमण देखिएकाले हात्तीको रेखदेमा ख्याल राख्नै पर्ने बताए।

# इन्धन अभावमा सडक निर्माणको काम ठप्प

**बाजुरा / रास-** दसैंयता बाजुरा मूल सडकको निर्माण कार्य ठप्प रहे पनि ठेकेदारलगायत सरोकार राख्ने सबै मौन छन्। ठेकेदारले इन्धन अभावका कारण काम सुचारु गर्न नसकिएको बताए पनि इन्धन आपूर्तिका लागि ठोस पहल नभएको देखिएको छ।

बार्जुगाढदेखि सदरमुकाम मार्तडीसम्मको २८ किलोमिटर डबल कटिङसहित कालोपत्रे गर्ने योजना अनुसार दसैंअघिका पाँच महिनासम्म तीव्र गतिमा काम गरेको पीएस कन्स्ट्रक्सनले इन्धन अभाव जनाउँदै अहिलेसम्म काम पुनर्सञ्चालनको सुरसार गरेको छैन्। 'इन्धन नपाएर काम सञ्चालन गर्न सकिएको छैन', ठेकेदार कम्पनीका आयोजना प्रबन्धक देवीलाल विकले भने।

काम सुचारु गर्न दैनिक १ हजार लिटर इन्धन आवश्यक रहेको कम्पनीले बताएको छ। एक्साभेटर, लोडर, टिप्पर गरी दैनिक १५ मेसिन परिचालन गर्दै आएको थियो।

काम रोकिएपछि हाल सबै मेसिन थन्किएका छन्। निर्माण कम्पनीले इन्धनको कारण देखाए पनि आन्तरिक रूपमा भने भारतीय सहयोगमा काम हुने भएकाले हाल जारी नेपाल भारतबिचको तनावको असर भुक्तानीमा समेत पर्ने आशंका समेत कम्पनीमा रहेको स्रोतले जनाएको छ।

### बिजुली वितरण...

यसरी एक्कासि विद्युत् खपत बढी ओभरलोड हुने कम अनुमान तथा ट्रान्सफर्मरहरूलाई तन्दुरुस्त राख्न नसक्दाका कारण धेरै ट्रान्सफर्मर जलेको प्राधिकरणका अधिकारी बताउँछन्। ओभरलोडका कारण बत्ती नआएपछि प्राधिकरणप्रति आक्रोश ह्वात्तै बढेको छ।

एक महिनामा सबै वितरण केन्द्रबाट मात्र १५ हजारभन्दा बढी गुनासो आइसकेको र त्यसको सम्बोधनको प्रयास गरिएको श्रेष्ठले जानकारी दिए। 'दैनिक ५ सयभन्दा बढी गुनासा आउँछन्, वितरण केन्द्रहरूले गुनासो टिप्न नभ्याउने अवस्था सिर्जना भइसक्यो,' उनले भने। काठमाडौं उपत्यकाभित्र दैनिक सरदर चार ट्रान्सफर्मर जले पनि प्राधिकरणको लैनचौरस्थित वर्कसपले सरदर तिन ओटा मात्र मर्मत गर्न सकेको छ। बिहीबार उपप्रधान एवं ऊर्जामन्त्री टोपबहादुर रायमाझीले लैनचौर पुगेर वर्कशपको निरीक्षण गरेका थिए। उनले सो अवसरमा वितरण प्रणाली सुव्यवस्थित बनाउन निर्देशनसमेत दिए। तर, काठमाडौं उपत्यकाबाहिरबाट समेत जलेर आउने भएका कारण एकैपटक धेरै मर्मत गर्न नसक्दा काठमाडौं उपत्यकावासी धेरै दिनदेखि अन्धकारमा बस्नुपर्ने बाध्यता छ।

पछिल्लो समयमा काठमाडौंको विद्युत् वितरण प्रणाली यस्तो कमजोर बन्दै गएको छ कि २४ घन्टामा एक पटक बिजुली आयोभन्दा भाग्यमानी सम्झनुपर्ने भएको छ। प्राधिकरण स्रोतका अनुसार एक हप्तादेखि निरन्तर बिजुली नपाउने ग्राहकहरू बढ्दै छन्। ट्रान्सफर्मरहरू मात्र जल्दा तुरुन्तै पत्ता लाग्ने भए पनि फिडर नै जल्न थालेपछि पत्ता लगाउन गाह्रो हुने गरेकाले यी क्षेत्रमा विद्युत् पुनःस्थापना गर्न झन् कठिन छ। दुई/तीन दिनसम्म बिजुली नआएपछि प्राधिकरणको वितरण केन्द्रहरूमै डेलिगेसन आउने क्रम बढेको छ। 'डेलिगेसनसँगै आउनेले किन बिजुली नदिएको भनेर कुटपिट गर्नसमेत खोज्ने अवस्था आएपछि वितरण केन्द्रका प्रमुखहरू कार्यालय कम बस्न थालेका छन्, सबैको भागभाग हुन थालेको छ,' एक वितरण केन्द्रका प्रमुखले भने। बिजुली दिन नसकेर गुनासो थेग्न नसकिरहेका बेला बत्ती गएको क्षेत्रमा तुरुन्तै बनाउन राष्ट्रपति, प्रधानमन्त्री र मन्त्रीहरूदेखि सांसद, राजनीतिक दलका नेताको समेत सोर्सफोर्स आउन थालेको छ।

'सोर्सफोर्स त जतातत्तैबाट आउँछ, थेगिनसक्नु छ तर सोर्सफोर्सले वितरण प्रणाली सुध्रने अवस्था छैन,' प्राधिकरणका अर्को अधिकारी भन्छन्। प्राधिकरण काठमाडौंका प्रमुख श्रेष्ठ हाल भइरहेको लोडसेडिङ तालिका सात समूहलाई छुट्टाछुट्टै समयदेखि सुरु गर्ने व्यवस्था, उपभोक्तालाई व्यवस्थित रूपमा बिजुली प्रयोगका लागि जनचेतना तथा सरकारले ग्याँस दिन नसके पनि विकल्पका रूपमा मट्टीतेललगायत दिएर लोडमा कमी ल्याउन सके वितरण प्रणालीमा देखिएको समस्या समाधान हुन सक्ने बताउँछन्। विद्युत् प्राधिकरणले हाल दैनिक १० घन्टा लोडसेडिङ गरिरहेको छ भने ग्याँस अभावले लोडसेडिङ तालिकाअनुसार खाना पकाएर उपत्यकावासीको दैनिक गाँस चलेको छ।

कोण सभा गर्दै प्राधिकरण

ग्याँसको अभावमा खाना पकाउन बिजुलीको प्रयोग गर्दा ओभरलोड भई वितरणमा गम्भीर समस्या आएपछि उपभोक्तालाई सचेत पार्न विद्युत् प्राधिकरणले कोण सभा गर्ने भएको छ। बिजुली आउनेबित्तिकै एकै पटक सबैले खाना पकाउने, पानी तान्ने, इन्भर्टर चार्ज गर्नेलगायतका अधिकांश काम गर्न विद्युत् प्रयोग गर्दा अत्यधिक लोड बढेर समस्या आएपछि बिजुलीको उपयोग गर्ने तरिकाबारे जानकारी दिन प्राधिकरण ग्राहक तथा वितरण निर्देशनालय अन्तर्गतको काठमाडौं क्षेत्रीय कार्यालयले कोण सभा गर्न लागेको हो। अत्यधिक गुनासो आएपछि बानेश्वर वितरण केन्द्रले भने ट्रान्सफर्मरनजिक यतिभन्दा बढी लोड भएमा धान्दैन भनेर सार्वजनिक रूपमा जानकारी दिन थालिसकेको छ।

प्राधिकरणले लाइन आउनु केही मिनेट अघि इन्भर्टर बन्द गरेर एक घन्टापछि मात्र सञ्चालन गर्न आग्रह गर्दै बन्द नगरेमा एक किलोवाट खेर जाने जनाएको छ। त्यसैगरी, लाइन आउनुअघि नै हिटर, वाटर पम्प, राइस कुकरजस्ता उपकरणहरू स्विच अन गर्न, साँझ परेपछि चिसो मौसमयमा फ्रिज बन्द गर्न, बढी बिजुली खपत गर्ने सामान पालैपालो चलाउन, हटकेसको प्रयोग गरेर आवश्यक समयमा तातो खानाको व्यवस्थापन गर्नसमेत उपभोक्ताहरूलाई आग्रह गरेको छ।

### मोदी अचानक...

केही भारतीय मिडियाले मोदी सरिफलाई जन्मदिनको शुभकामना दिन पाकिस्तान पुगेको उल्लेख गरेका छन्। तर, मोदी अचानक पाकिस्तान पुग्नुको कारण खुलाइएको छैन। प्रधानमन्त्री भएपछि मोदीको यो पहिलो पाकिस्तान भ्रमण हो।

सन् २००४ पछि भारतीय सरकार प्रमुखले पाकिस्तान भ्रमण गरेको यो पहिलो पटक हो। यसअघि पेरिसमा सम्पन्न जलवायु सम्मेलनमा मोदी र सरिफबिच भेटवार्ता भएको थियो। आणविक हतियार र कस्मिरको सीमा विवादका कारण भारत र पाकिस्तानको सम्बन्ध सुमधुर छैन।

सम्बन्ध सुधारका लागि दुवै राष्ट्रको तर्फबाट पहल जारी छ। यसअघि भारतीय विदेशमन्त्री सुष्मा स्वराजले शान्ति स्थापनाको प्रयासस्वरूप पाकिस्तानको भ्रमण गरेकी थिइन्।

# ग्याँस पाउने हल्लाले उपभोक्ता लाइनमा

**सुभाष साह / बारा**

जारी नाकाबन्दी एवं मधेस आन्दोलनले ग्याँस नपाएका कलैयाजवसी अब आइतबारदेखि ग्याँस पाउने भएका छन्। विगत साढे चार महिनादेखिको लामो अनिश्चितकालीन आन्दोलनले इन्धन, ग्याँसलगायतका अतिआवश्यक समानको हाहाकार एवं कालोबजारी भएपछि यहाँको जनजीवन कष्टकर बनेको छ।

बारा उद्योग वाणिज्य संघको विशेष पहलमा ७.१ केजी अर्थात् आधा सिलिन्डर ग्याँस ६ सय ९० रुपैयाँमा पाउने व्यवस्था मिलाइएको छ। ग्याँस पाउने हल्ला चलेपछि कलैयाँस्थित उद्योग वाणिज्य संघको गेटदेखि भरत चोक हुँदै देवकोटा चोकसम्म नै खाली सिलिन्डरको लामो लाइन लागेको छ।



बिहीबार साँझदेखि लागेको लामो लाइन शुक्रबार कुपन दिने काम भइरहेको र आइतबार ग्याँस दिने काम हुने बारा उद्योग वाणिज्य संघका महासचिव राजकुमार साहले बताए।

यसअघि यो सेवा जगदम्बा ग्याँसका ५ सयभन्दा बढी उपभोक्ताले पाएका थिए। अहिले नारायणी ग्याँसको उपभोक्तालाई यो सेवा उपलब्ध गराउने काम रहेको र पछि अन्य कम्पनीको ग्याँस पनि वितरण गर्ने योजना रहेको बताइएको छ। 'त्यसका लागि ६ सय ९० रुपैयाँ र नारायणीकै खाली सिलिन्डर संकलन गरी एउटा कुपन दिन्छौं र आइतबारदेखि सो कुपनका आधारमा ७.१ केजी अर्थात् आधा सिलिन्डर ग्याँस दिन्छौं,' संघका महासचिव साहले भने। स्थानीय डिलरमार्फत यो सेवा ग्राहकले पाउने व्यावस्था मिलाइएको छ।

लामो समयदेखि ग्याँसको हाहाकार खेपेका र दाउरामै खाना पकाउन बाध्य कलैयावासी ग्याँस पाउने हल्ला चलेपछि उद्योग वाणिज्य संघको कार्यालय अगाडि लागेको लामो लाइनमा बस्न बाध्य भएका छन्। नारायणीबाहेक फरक उद्योगको ग्याँस प्रयोग गर्नेले यो सेवा नपाउने र उनीहरूका लागि पनि आउने दिन व्यवस्था गर्ने काम भइरहेको संघले जनाएको छ।



# जातीय व्यवस्थापनको चिनियाँ शैली



कुमार यात्रु
yatru@hotmail.com

विश्वकै सबैभन्दा ठुलो जनसंख्या भएको चीनले गरेको जनसांख्यिक विविधताको संरक्षण, विकास र पूर्वाधार निर्माण आफैंमा आश्चर्यको विषय हो। बहुल समाजको एकीकृत प्रस्तुति र विविध जाति, भाषा, संस्कृतिको व्यवस्थापन उदीयमान महाशक्ति राष्ट्र चीनका लागि पक्कै पनि सजिलो र सरल विषय होइन होला तर यस प्रकारका चुनौतीका बिच उसले हासिल गरेको तीव्र आर्थिक वृद्धिदर, विविधतायुक्त समाजमा बहुल संस्कृतिको प्रोत्साहन भने त्यहाँबाट सिक्नुपर्ने नयाँ पाठ हो। यही चामत्कारिक परिणामलाई मंसिरको दोस्रो साता नेपालका आदिवासी जनजाति अगुवाहरूले नजिकबाट अवलोकन गर्ने र यसबाट लाभ प्राप्त गरिरहेका स्थानीय चिनियाँ लाभग्राहीहरूसँग अन्तरक्रिया गर्ने अवसर प्राप्त गरे। यो अवसर भने नेपालस्थित चिनियाँ दूतावासले उपलब्ध गराएको थियो।

हुन त चीन तेस्रो विश्वका लागि नौलो विषय रहेन। ८० को दशकमा देङ सियोपिङको उदयसँगै उदार र खुलापनको नीति अख्तियार गरेपछि उसले चामत्कारिक विकास गरेको छ। संसारकै ठुलो आयातकर्ताका रूपमा चीन स्थापित भएको छ। चिनियाँ मुद्रा युआनको लामो फड्कोले संसारकै अर्थविद्हरू चीनको विकासप्रति जिज्ञासु बनिरहेको सन्दर्भ पनि छ। त्यसैगरी, सबैभन्दा महत्त्वपूर्ण कुरा घरेलु मामलामा चीनको व्यवस्थापन



सबैलाई चकित पार्ने विषय बनिरहेको छ। यिनै र यस्तै विषयमा चीनको साताव्यापी सद्भावना भ्रमण सीमित रहेको थियो।

त्यसो त चीन भ्रमण यस स्तम्भकारका लागि पहिलो थिएन। यसअघि नै सन् २००२ मा बेइजिङ, सांघाई, डालियान र सेन्जेन प्रान्तको १० दिने सरकारी भ्रमण गरिसकेको थिएँ। तथापि, यस पटक भने जनस्तरको र अध्ययन भ्रमण भएको हुँदा पहिलाको सरकारी भ्रमणभन्दा उद्देश्य र प्रकृतिमा धेरै फरक थियो। सन् २००२मा सरकार प्रमुखसँगको भ्रमण भएकाले धेरै स्थानमा औपचारिकता निर्वाह गर्नुपर्ने हुन्थ्यो भने यस पटक अनौपचारिक भ्रमण कार्यक्रम थियो। अनौपचारिक भ्रमण कार्यक्रमको सजिलो पक्ष के छ भने यात्रा दलका सदस्यहरूले आफूले चाहेको जिज्ञासा राख्न पाउने अवस्था थियो। तर, औपचारिक कार्यक्रममा यस्तो सम्भावना कमै मिल्छ।

### बहुजातीय समाज

नेपालमा प्रचार गरिएजस्तो चीन एकलजातीय मुलुक होइन रहेछ। नेपालबाट चीनको सिचुवान प्रान्तमा पुगेका आदिवासी जनजाति अगुवाहरूको भ्रमण दलका लागि आयोजना गरिएको दिवाभोजमा त्यहाँको विदेश मामिलाअन्तर्गत एसिया तथा अफ्रिका विभागकी निर्देशक ली बायोले स्पष्टै शब्दमा भनिन्, 'चीन बहुजातीय मुलुक हो।' यो फरक प्रसंग हो कि चीनमा हान जाति बहुसंख्यक छन्। तर, हानबाहेकका जनसंख्या पनि नभएको होइन। सन् २०१२ मा सम्पन्न जनगणनाअनुसार हानबाहेकको जनसंख्या ८.४९ प्रतिशत रहको छ। हानबाहेकका सबै समुदायलाई अल्पसंख्यक समुदायमा सूचीकरण गरिएको रहेछ। यसरी सूचीकृत समुदायका लागि त्यहाँको संविधानले नै प्रादेशिक स्वायत्तता, स्वायत्त प्रिफेक्चर र काउन्टी निर्माण गर्ने मार्गप्रशस्त गरेको रहेछ। यो नै जातीय व्यवस्थापन गर्ने चिनियाँ शैली हो।

उनीहरूले आफ्नो स्वशासनमार्फत भाषा, संस्कृतिको जगेर्ना गर्न र स्वनिर्णय गर्नका लागि स्वतन्त्र हुन्छन्। ती स्वायत्त प्रदेश, प्रिफेक्चर र काउन्टीमा जनकंग्रेस र सरकार हुन्छ। ती जनकंग्रेस र सरकारको प्रमुख, उपप्रमुखमा स्वशासन पाउने जातीय समुदायका व्यक्तिहरू नै हुने संवैधानिक र कानुनी व्यवस्था गरिएको रहेछ। यसबाट चीनले आफ्नो घरेलु जनसांख्यिक मामिलामा पनि अब्बल दर्जाको व्यवस्थापन गरेको यस उदाहरणबाट प्रस्ट हुन्छ। रोचक र रमाइलो कुरा के छ भने स्वायत्तताको अभ्यास गरिरहेका त्यहाँका अल्पसंख्यक समुदायहरूले राज्यबाट विशेष सुविधा प्राप्त गर्छन्। चिनियाँ परराष्ट्र विभागकी निर्देशक लीका अनुसार एक परिवार दुई सन्तान (यसअघि एक सन्तान) नीति ती अल्पसंख्यकका हकमा लागू हुँदैन। उनीहरूले दुईभन्दा बढी सन्तान जन्माउन सक्छन्।

### जातीय स्वायत्तता राजनीतिक पद्धति

चीनको राष्ट्रिय जनकंग्रेसले सन् २००१ मा पारित गरेको जातीय, क्षेत्रीय स्वायत्ततासम्बन्धी कानुनमा 'जातीय स्वायत्तता राज्यको राजनीतिक पद्धति हुने' उल्लेख छ। यो कानुनले केन्द्रीय सरकार र स्वायत्त प्रदेशबिचको सम्बन्ध तथा एउटै प्रदेशमा बसोबास गर्ने विभिन्न जातजातिबिचको सम्बन्धलाई परिभाषित गर्दछ।

त्यसो त चीनको मूल कानुन संविधानमा पनि जातीय व्यवस्थापनमा प्रस्टसँग बोलेको छ। त्यहाँको संविधानमा भनिएको छ, 'जनवादी गणतन्त्र चीनमा सबै जाति समान छन्। जहाँ अल्पसंख्यक जातिको घना समुदाय छ, ती क्षेत्रमा क्षेत्रीय स्वायत्त शासनलाई व्यवहारमा उतारिन्छ र ती क्षेत्रमा स्वायत्तताको अभ्यास गर्नलाई स्वशासित सरकारका निकाय स्थापना गरिन्छ। सबै जातिलाई आफ्नो लिखित र मौखिक भाषाविकास गर्ने तथा प्रयोग गर्ने र आफ्नो लोक परम्परा तथा संस्कृतिलाई संरक्षण एवं सुधार गर्ने स्तन्त्रता हुनेछ।'

परिणाम के देखिएको छ भने यसले उनीहरूमा सन्तुष्टिको स्तर बढाएको छ। हाम्रो टोलीले गरेको अन्तर्क्रियामा स्थानीय अल्पसंख्यक समुदायका मानिसहरू अत्यन्यै सन्तुष्ट र आफ्नो भविष्य सुनिश्चित भएको ठान्दथे। एकातिर आफ्नो भाषा वेशभूषा र संस्कृति जगेर्ना गर्नुपर्ने र अर्कोतिर विश्वव्यापीकरणको खुला समाजबाट विश्वको सामाजिक अन्तरघुलनको चपेटामा पर्नुपर्ने त्यहाँको रैथाने समुदायहरू नयाँ नीतिबाट ढुक्क देखिन्थे। यसकारण उनीहरूको राजनीतिक पहुँच बढेको र अन्य समुदायसँग सद्भाव कायम रहेको उनीहरूको निष्कर्ष थियो। परराष्ट्र मन्त्रालयका एकजना अधिकारी छेन दुनले उपलब्ध गराएको तथ्यांकअनुसार अहिले राष्ट्रिय कंग्रेसमा १३.५ प्रतिशत अल्पसंख्यकको प्रतिनिधित्व हुन सकेको छ। जबकि, उनीहरूको जनसंख्या ९ प्रतिशत पनि पुग्दैन। चिनियाँ कम्युनिस्ट पार्टीको २२ उपाध्यक्षमध्ये पाँचजना अल्पसंख्यक समुदायका छन्। तत्कालीन राष्ट्रपति देङ सियोपेङको सरकारले उदार नीति अख्तियार गरेपछि अल्पसंख्यकहरूको संवैधानिक अधिकार प्रत्याभूत गरिएको हो।

### तिन स्तरको निक्षेपण

नेपालमा संघीय प्रणाली लागू भइसकेको र स्थानीय तहको पुनःसंरचना गर्ने तयारी भइरहेको सन्दर्भमा चीनको स्वायत्त प्रणालीबाट धेरै कुरा सिक्न सकिन्छ। चीन संघीय प्रणाली भएको मुलुक होइन, तथापि स्थानीय तहमा शासनको भारलाई निक्षेपण गर्न तिन तहको जातीय स्वायत्त क्षेत्रको व्यवस्था गरिएको छ। त्यसमध्ये स्वायत्त प्रदेश एक हो भने अर्को स्वायत्त प्रिफेक्चर र स्वायत्त काउन्टी रहेको छ। त्यसमध्ये हालसम्म पाँचओटा स्वायत्त प्रदेश खडा गरिएको छ। ती सिङक्याङ उइगुर, निङसिवा हुई, भित्री मंगोलिया, कुआन्सी चुवाङ र तिब्बत त्यहाँको स्वायत्त जातीय प्रदेश हुन्। ख्याल गर्नुपर्ने कुरा के छ भने तिब्बतबाहेक अन्य प्रदेशमा अल्पसंख्यक समुदाय बहुमतमा छैनन्।

यसैगरी, ३० ओटा प्रिफेक्चरलाई पनि जातीय स्वायत्तता प्रदान गरिएको छ। जातीय आधारमा नै १ सय २० ओटा काउन्टी बनाइएका छन्। ती सबै निकायको जनकंग्रेस र सरकारका प्रमुख, उपप्रमुखमा स्वशासन पाउने समुदायका व्यक्ति नै हुन्छन्। हान जाति त्यहाँको सबैभन्दा ठुलो जनसंख्या भएको समुदाय हो। बाँकी ५५ जातिलाई अल्पसंख्यकको मान्यतामा सूचीकरण गरिएको छ। सबै जातिलाई आफ्नो मौखिक र लिखित भाषाको विकास गर्ने र लोक परम्परा तथा संस्कृतिलाई संरक्षण र सुधार गर्ने स्वतन्त्रता प्रदान गरिएको छ।

### सिचुआनको छाङ गाउँ

नेपालबाट गएका आदिवासी जनजाति अगुवाहरूले सिचुआन प्रदेशको विभिन्न स्थानमा अवलोकन गरेको थियो। सिचुआन आफैंमा चीनको शक्तिशाली प्रान्त हो। यो तत्कालीन राष्ट्रपति देङ सियोपिङको गृह जिल्ला पनि हो। दक्षिण एसिया र अफ्रिकी मुलुकको परराष्ट्र नीति हेर्ने विभाग सिचुआनमा नै स्थापना गरिएको छ। यहाँबाट नै हङकङ र मकाउका नीतिहरू निर्माण गरिन्छ।

सिचुआनमा यी जाङ, छाङ, मियाओ, हुई, मंगोलियन, तुजिया, लिसु, मान्छु, नाक्सी, बौयाई, बाई, झोङ, डाई आदि आदिवासी अल्पसंख्यक छन् भने तिब्बतीयन र छाङ त्यहाँको धेरै जनसंख्या भएको अल्पसंख्यक समुदाय हो।

सिचुआन सरकारको तथ्यांकअनुसार छाङहरूको जनसंख्या ३ लाख २६ हजार रहेको छ। उनीहरूका लागि १ सय १५ काउन्टीमध्ये चारओटा काउन्टी अल्पसंख्यक समुदायका लागि व्यवस्था गरिएको छ। सदरमुकाम छिन्टुबाट १ सय ६३ किलोमिटर पश्चिम टाडा ताउपेङ जिल्लाअन्तर्गतको ली काउन्टीमा बस्ने छाङहरूको बस्ती एक प्रकारले भूस्वर्गको रूपमा रूपान्तरण गरिएको छ। उनीहरूको परम्परा र संस्कृतिलाई कायमै राखी आधुनिक सुविधा र सेवा सँगसँगै प्रदान गरिएको त्यस काउन्टीलाई पर्यटन प्रवर्द्धनको मुख्य आधार बनाइएको छ। उनीहरूले भाषा संरक्षणका लागि विद्यालय तहमा पाठ्यपुस्तक बनाइएको छ भने प्राथमिक शिक्षा मातृभाषामा दिने गरिएको छ।

सबै प्रकारका पूर्वाधार उनीहरूलाई उपलब्ध छ। सबैको घरमा सञ्चारको सुविधा पुऱ्याइएको छ। वाईफाईदेखि टेलिभिजनको पहुँचमा रहेको देखिन्थ्यो।

### जीवित संग्रहालय

सिचुआन प्रान्तको छेन्टु, यिन्छु, वेनचाउन, साङपिङ उपत्यका, माओ काउन्टी, त्युजिग्यान तथा साङलीलगायतका ग्रामीण भेगको भ्रमण गर्दा चीनले संरक्षण गरेको परम्परा तथा रहनसहनको एक जीवित तस्बिर सामुन्ने आउने गर्दछ। भ्रमण दलमा संलग्न थरुहट पार्टीका सभासद् गोपाल दहितको अनुभवमा चीनले गरेको यो व्यवस्था नेपालले सिक्नयोग्य सन्दर्भ हो। नेपाली कांग्रेसका नेता तथा पूर्वसभासद् तुलसी सुब्बा भन्छन्, 'चीनको विकास र जनसंख्याको व्यवस्थापन अनुकरण योग्य रहेको छ।'

पूर्व सांसद आङ ङवाङ शेर्पाका अनुसार त चीनको विकास त्यसै भएको होइन। उनले जातीय व्यवस्थापन गरेर नै चीनले विकास गर्न सकेको दाबी गरे। आदिवासी जनजाति महासंघका पूर्वमहासचिव आङकाजी शेर्पाले त नेपालमा पनि यस्तै प्रकारको विकासको सम्भावना भए तापनि नेपाली राज्यसत्ताको ध्यान यतातिर जान नसक्नु मुख्य समस्या रहेको बताए। पूर्वमन्त्री छक्कबहादुर लामा पनि आङकाजी शेर्पाकै जस्तो प्रतिक्रिया दिँदै भन्छन्, 'हाम्रा नेताहरू चीन भ्रमण त गर्छन् तर सिक्नुपर्ने कुरा कहिल्यै सिक्दैनन्।'

चीनको विकास मोडल संसारकै लागि अनुकरणीय भएको बताउँदै राप्रपा नेपाल समानान्तरका प्रवक्ता सगुनसुन्दर लावतीले चिनियाँहरूको कडा अनुशासन र इमानदारिताले नै विकास भएको बताए। पर्यटन व्यवसायी क्याप्टेन त्रिपल गुरुङ, चीनमा अध्ययन गरेका डा. सोनाम विष्टको तर्क पनि यस्तै थियो। नेपालमा शिक्षा प्रणाली ठिक नभएका कारण छिमेकी मुलुकले विकास गरे पनि आफ्नो देशमा विकास हुन नसकेको हो।

### पर्यटकका लागि आकर्षण

चीन भ्रमणका क्रममा के देखियो भने अल्पसंख्यक समुदायप्रति त्यहाँ पर्यटकहरू आकर्षण हुँदा रहेछन्। भ्रमण दलका लागि सिचुआन सरकारबाट खटिएकी दोभाषे वाङ सिविईका अनुसार बाह्यभन्दा पनि आन्तरिक पर्यटक अल्पसंख्यक समुदायको गाउँ हेर्न हरेक वर्ष ताँती नै लाग्छ रे! उनी भन्दै थिइन्, '२००८ मा गएको भूकम्पबाट क्षतिग्रस्त सिचुआनका केही घर पर्यटककै लागि जस्ताको तस्तै राखिएको छ।'

अल्पसंख्यक समुदायको सिंगै गाउँलाई जस्ताको तस्तै अर्को स्थानमा स्थानान्तरण गरिएको छ भने योजनाबद्ध ढंगले बस्ती विकासलाई महत्त्व दिइएको छ।

### भ्रमण दलमा संलग्नहरू

साताव्यापी चीनको सद्भावना भ्रमण दलमा सभासद् गोपाल दहित, पूर्वसांसद आङ ङवाङ शेर्पा, नेपाली कांग्रेसका पूर्वसभासद् तुलसी सुब्बा, आदिवासी जनजाति महासंघका पूर्वमहासचिव आङकाजी शेर्पा, राप्रपा नेपाल समानान्तरका प्रवक्ता सगुनसुन्दर लावती, पूर्वमन्त्री छक्कबहादुर लामा संलग्न थिए। त्यस्तै, पत्रकार कुमार यात्रु, शेर्पा संघका पूर्वअध्यक्ष पेमाछिरी शेर्पा, धनकुटाका पूर्वमेयर वाङ्दी लामा, बौद्धनाथ क्षेत्र विकास समितिका अध्यक्ष सम्पूर्णकुमार लामा, हुम्लाका छिरिङडन्डु लामा, मुस्ताङका सुवर्णकुमार विष्ट, रसुवाका सुब्बा लामा तामाङ, रामेछापका चूँडासिंह लामा घिसिङ, कान्तिपुर दैनिकका गणेश राई, अन्नपूर्ण पोस्टका पत्रकार अशोक प्यासी राई पनि भ्रमण टोलीमा संलग्न थिए।

यसैगरी, डा. सोनाम विष्ट, वालुङ समाजका अध्यक्ष लोजक लामा, हिमाल थापा, विश्वनाथ श्रेष्ठ, आइफाका संजोग लाफा, सोनाम शेर्पा, पासाङ भोटे र पर्यटन व्यवसायी क्याप्टेन त्रिपल गुरुङलगायत टोलीमा समावेश थिए।

# भूकम्प पीडितलाई राहत



**चिसो बढ्दै गएकाले जस्ताको छाप्रोमा कसरी हिउँद काट्ने भन्ने चिन्ताले सताएको छ, भूकम्पपीडितलाई**

लक्ष्मी सापकोटा

भूकम्पले घरबाहविहीन भएकी रसुवा राम्चे-९ की विनिता घले दुई महिनाको काखे नानी बोकेर राहत पाउने सुनेपछि बिहानै ८ नबज्दै आएर लाइनमा बसेकी थिइन्। भूकम्पपीडितलाई राहत वितरण गर्न अघिल्लै दिन थाहा पाएपछि उनी खाना नखाई बिहानैदेखि राहत बाँड्ने स्थानमा आइपुगेकी थिइन्। १२ वैशाखमा गएको भूकम्पले उनको घरबास सबै भत्कियो। उनको चारजनाको परिवार अहिले जस्ताको छाप्रो बनाएर बसिरहेको छ। सरकारले दिएको १५ हजार रुपैयाँ र विभिन्न संघ/संस्थाले दिएको राहतले दैनिकी चलाइरहेकी छन्। चिसो बढ्दै गएकाले जस्ताको छाप्रोमा कसरी हिउँद काट्ने भन्ने चिन्ताले सताएको छ।

खेती किसान गरेर जीविका चलाउने विनितालाई भूकम्पले गर्दा आधा अन्न पनि थन्क्याउन पाइनन्। जसको कारणले गर्दा पनि उनलाई कसरी बाँच्ने भन्ने चिन्ताले सताएको छ। लुथरन वर्ल्ड फेडेरेसनको आर्थिक सहयोगमा मानेकोर सोसाइटी नेपालले प्रतिव्यक्ति ५ हजार बाँडेको रकम पाउँदा उनलाई थप राहत मिलेको छ। लुथरन वर्ल्ड फेडेरेसनले दिएको ५ हजार रुपैयाँबाट उनले कुखुरा पाल्ने तयारी गरेकी छन्। विभिन्न संघ/संस्थाले दिएको राहतले खानलाई कुनै समस्या नभए पनि बास बस्नका लागि धेरै समस्या परेको उनको भनाइ छ।

राम्चे-९ कै भुट्टीमाया तामाङ पनि तिन महिनाकी काखे नानी बोकेर राहत लिन आएकी थिइन्। भूकम्पले घर भत्काइदिएपछि उनको परिवार पनि अस्थायी टहरामा बसिरहेको छ। विभिन्न संघ/संस्था र सरकारले दिएको १५ हजार रुपैयाँले उनको परिवारले जसोतसो दैनिकी चलाइरहेको छ। राहतस्वरूप पाएको ५ हजार रुपैयाँले उनले कुखरा पाल्ने योजना बनाएकी छन्। रोजगारीका लागि उनका श्रीमान् विदेश छन्। भूकम्पले घरबारविहीन भएपछि चिसो कसरी कटाउने भन्ने चिन्ताले उनलाई पिरोलेको छ। सोही गाविसका बुमेन्द्रो तामाङ अहिले गोठमा बसिरहेका छन्। राहतस्वरूप पाएको ५ हजारले उनले घरखर्च चलाउन सहयोग पुगेको बताए। राम्चे-२ का याङसिडी तामाङलाई १२ वैशाखको भूकम्पले श्रीमतीसमेत गुमाउनुपरेको पीडाले एकातिर सताइरहेको छ भने अर्कोतिर घरबारविहीन भएपछि के खाने र कसरी दिन बिताउने भन्ने चिन्ताले पिरोलिरहेको छ। विभिन्न संघ/संस्थाले दिएको राहतबाट उनको १० जनाको परिवारले जेनतेन दिन बिताइरहेको छ। राहतस्वरूप पाएको ५ हजार रुपैयाँले उनी गोरु किन्ने सोचमा छन्। भूकम्पले चौपाया सबै पुरिएपछि गोरु किनेर खेतीपाती लगाउन सहज पुग्ने उनको भनाइ छ।



राम्चे-७ का दावामेन्द्रो तामाङको ६ लाख हालेर किनेको घर भूकम्पले भत्काइदिएपछि उनको बास अहिले जस्ताले बारेको छाप्रोमा छ। 'बिहान-बेलुकाको छाक त काम गरेर भए पनि खाने थियौं,' उनले *राजधानी*सँग भने, 'सरकारले बस्नका लागि एउटा बाससम्म बनाइदिए हामीलाई धेरै राहत पुग्ने थियो।' उनी मात्र नभएर रसुवा जिल्लाका अधिकांश भूकम्पपीडितलाई अहिले बस्ने बासको अति आवश्यक रहेको बताएका छन्। सधैं चिसो हुने हिमाली जिल्ला त्यसमा पनि चिसो मौसम सुरु भइसकेकाले कसरी चिसो कटाउने भन्ने चिन्ताले सताएको छ।

लुथर वर्ल्ड फेडेरेसनले आर्थिक सहयोग र मानेकोर सोसाइटी नेपालको साझेदारीमा हालै रसुवा जिल्लाको राम्चे गाविसमा भूकम्पपीडितलाई जीविकोपार्जनका लागि चार घरधुरीलाई नगद ५ हजारका दरले राहत बाँडेको छ। यसअघि नै फेडेरेसनले चिलिमे, गत्लाङ, गोल्जुङ, राम्चे र यार्सा गावसिमा गरी ८५ लाख रुपैयाँ राहत वितरण गरेको छ।

मानेकोर सोसाइटी नेपालका अध्यक्ष काइसाङ तामाङले भूकम्पपीडितलाई राहतस्वरूप प्रतिव्यक्ति ५ हजार रुपैयाँ वितरण गरिएको बताए। 'भूकम्पले घरबारविहीन भएका पीडितहरू अहिले जस्ताको छाप्रो बनाएर बसिरहेका छन्,' उनले भने, 'हामीले दिएको सानो रकमले चिसो मौसमा पीडितलाई थोरै भए पनि राहत हुन सक्छ।'

भूकम्पपीडितलाई राहत दिने उद्देश्यले यस संस्थाले भूकम्पप्रभावित जिल्ला सिन्धुपाल्चोक, दोलखा, काठमाडौं, ललितपुर र भक्तपुर जिल्लामा नगदसहित जस्तापाता, खाद्यान्न, लत्ताकपडासमेत वितरण गरेको छ। फेडेरेसनले सामाजिक उत्तरदायित्वअनुरूप भूकम्पप्रभावित विभिन्न जिल्लाका पीडितलाई नगदसहित अन्य सामानसमेत वितरण गर्दै आएको छ।



# लोक ढुकढुकी

**झलकमान नेपालका १४ अञ्चल ७५ जिल्ला मात्र घुमेनन् जर्मनी, बेल्जियम, युगोस्लाभिया, फ्रान्स, इन्डियालगायतका देशहरू सारंगी र गन्धर्व गायनकै माद्यमबाट घुमे जहाँ उनले पहिलो पटक नेपाली मौलिक वाद्य यन्त्र सारंगीको पहिचान दिलाए, सारंगीको नौलो स्वाद चखाए, त्यहाँका संगीतप्रेमी श्रोतालाई ।**



● टीका भण्डारी

*हे बरै, हे बरै बाबाले सोध्लान् नि*
*खै छोरा भन्लान् रण जित्दै छ भन्दिए*

झलकमान गन्धर्वले आमाले सोध्लिन् नि, राधा पियारीको, तिम्रै नि माया लाग्छ, घाँसै काटी, बाला जोवन, घर घरी बगानी, आऊ बसौं थकाइ मारौं, बस माया आजको, गोरखा गोरखनाथ, (साथमा जितबहादुर, संकलन धनबहादुर), पानी खाने गोदावरी, खाऊँ त भने सुन्तला पानी, अल्लारे नानी, यानी माया, घाँस काटी संकलन गण्डकी अञ्चलको लयलगायत दुई दर्जन गीत गाएका छन् । उनका ती गीतहरू रेडियो नेपालको नियमित प्रसारणमा आज पनि उत्तिकै श्रोताहरूको रोजाइमा नियमित प्रसारणमा बज्ने गर्छन्, जसले झलकमान गन्धर्वलाई नेपाली लोक संगीतको क्षेत्रमा एक सफल लोक गायक, संकलक र संगीतकर्मी र सारंगी वादकको रूपमा स्थापित गरेको छ । झलकमानको जन्म सन् १९३७ सालमा भएको हो भने निधन २३ नोभेम्बर २००३ मा भएको हो ।

उनले सन् १९६५ देखि सन् २००३ सम्म नै नेपाली लोक संगीतमा सारंगी वादन, गायन, संकलनमा विशेष योगदान पुर्‍याए भने लोकगीतको संकलन र लोक गायनको क्रममा देशका कुना-कन्दराको सांगीतिक भ्रमणमा बिताए ।

झलकमानले बाल्यकालदेखि नै सारंगी बजाए, सारंगी बजाउँदै गीत गाउँदै गाउँ-गाउँ हिँडे । उनी नौ वर्षको हुँदा त सारंगी वादनमा कुशल भइसकेका थिए भने सारंगीका धुनभित्र आफ्नो तोते बोले मिसाएर लयात्मक ढंगबाट लोक भाखा गाउन पनि त्यति नै कुशल भइसकेका थिए । उनको परिवार गन्धर्व परम्परा र संस्कृतिसँग गहिरो गरी जोडिएको हुनाले पनि यो क्षेत्रमा उनलाई नाम कमाउन सहज भएको पनि हो । उनका पिताको संगीतमा निकै राम्रो दक्खल थियो, त्यही कारण उनले आफ्ना पिताबाटै संगीत सिके । उनका पिता नृत्यमा पनि कुशल थिए यहीकारण नृत्य पनि पितासँगै सिके ।

उनी गाउँ-गाउँमा पितासँग सँगै गीत गाउँदै हिँडे । गाउँमा सानो फुच्चे केटाले सारंगी बजाएर कति मार्मिक गीत गाएको भन्दै मानिसहरू हुल बनाएर उनलाई हेर्न, सुन्न भेला हुन्थे । त्यो बेला उनलाई केही थाहा थिएन, आफ्ना पिताको आड लागेर गीत गाउँदै हिँडेका थिए । यसरी गाउँ-गाउँमा गीत गाउँदै हिँड्दा हिँड्दै नै उनले आफ्नो जीवन पनि बुझे, नेपाली समाजलाई पनि नजिकबाट बुझ्ने अवसर पाए । त्यसबेला उनले गाउँमा निकै सम्मान, माया, प्रेम, सद्भाव र आफ्नोपन पनि पाए भने कतै-कतै असामाजिक बोली-व्यवहारसमेत झेल्न पुगे तर ती सबै उनको जीवनको सफलताका लागि कोसेढुंगा नै सावित हुन पुगे । गन्धर्व जातिले गाउँमा ज्याउरे, ख्याली, कर्खा, आदि भाकाका गीतहरू गाउँथे । उनीहरूले गाउने गीतमा खासगरी सामाजिक घटना, धुखा पिर-व्यथाका कारुणिक कथा, देशका कतिपय दुर्घटनाहरू, माया, प्रेम, लाहुरेहरूका कथा व्यथा, परदेशमा रहेका नेपालीहरूका आफन्त र परिवारका सदश्यहरूबिच चिठीपत्र आदानप्रदानसमेत नहुँदाका क्षणका अनुभूतिहरू आदि उनीहरूका गीति भाकाका मसला हुन्थे ।

उनले सिंहदरबार जलेको हृदयविदारक घटनालाई जस्ताको त्यस्तै कथा उतारेका थिए, आफ्नो गायनमा । यो गीत गाउँदा गाउँका धेरै दाजु, भाइ, दिदी, बहिनी रोएको सम्झना सुनाउँथे, रेडियो नेपालका कतिपय भलाकुसारीमा ।

झलकमा सारंगीलाई आफ्नो पिता पुर्खाको नासो बताउँथे । मानिसलाई रुवाउने, हँसाउने, मन्त्रमुग्ध बनाउने क्षमता राख्छ यसले, यो सामाजिक सन्देशको बाहक पनि हो र यो विश्वमै नेपाली जातिले मात्र बजाउने भएकाले पनि यसको महत्त्व अरू वाद्य यन्त्रको भन्दा धेरै छ । यसरी उनी आफूले बजाउने वाद्य यन्त्र सारंगीको बारेमा बखान गर्थे, रेडियो नेपालका अन्तर्वार्तामूलक कार्यक्रमहरूमा । उनले यो पंक्तिकार स्रष्टासँगको रेडियो नेपाल अन्तर्वार्तामा उनले सारंगी बजाउँदै १४ अञ्चल ७५अै जिल्ला भ्रमण गरेको कुरा सगौरव बताएका थिए ।

उनले पञ्चायत कालमा कर्खा गाउनसमेत प्रतिबन्ध लगाइएको घटना पनि उत्तिकै मार्मिक थियो, उनको । पञ्चायतीहरूले मन नपराएका त्यस्ता होनाहार व्यक्तित्वको

कर्खा गाउँदा त्यसको सकारात्मक प्रभावले पञ्चायती व्यवस्थाप्रति वितृष्णा जाग्ने परिस्थिति सिर्जना हुने आँकलन गरेर आफूले गाउने कर्खामाथि पञ्चायती शासकहरूको वक्रदृष्टि परेको होला उनले भनेका थिए । त्यसबेला उनले दोस्रो विश्व युद्धमा ज्यान गुमाएका नेपाली वीरहरूका बारे समेत कर्खा बनाएर गाएका थिए ।

गजे घले जसले दोस्रो विश्व युद्धपछि नै भिक्टोरिया क्रस विशेष सम्मान प्राप्त गरेका थिए, तिनको जीवन कथालाई समेत उनले गाउँ-गाउँमा पुर्‍याएका थिए । यस्ता २० भन्दा बढी राष्ट्रिय हिरोको बारेमा कर्खा गीत कम्पोज गरेर उनले गाउँमा उनीहरूको वीरत्व, वीरता, साहस, कठोर मेहनत,परिश्रम, दु:ख, कष्ट, जीवनगाथा दुनियाँलाई सुनाए ।

गन्धर्वहरू खासगरी कास्की जिल्लाको विभिन्न गाउँ बस्तीमा छरिएर र समुदायमा पनि बस्ने गरेका छन् । यस्तै, लमजुङ, दाङ, बागलुङ, पर्वत, बाँके, बर्दिया, चितवन, मकवानपुर र स्याङ्जामा गन्धर्वहरूको घनिभूत बसोबास छ । उनीहरूको इतिहास खोतल्दा पहिले-पहिले गन्धर्वहरूको गोरखा जिल्लामा बसोबास थियो । उनीहरू त्यहींबाट अन्य जिल्लातर्फ विस्तारित हुँदै गएका हुन् ।

गायक झलकमान गन्धर्वले जीवनमा एउटै मात्र एल्बम बनाए । जुन एल्बम म्युजिक नेपालको सेल्स रेकर्डमा एउटा नयाँ रेकर्डसहितको एल्बमको रूपमा चर्चित रह्यो । झलकमानले त्यही एउटा एल्बमबाट मासिक ३ हजारसम्म रोयल्टी प्राप्त गरिरहे धेरै वर्षसम्म । सन् १९६५ मा पहिलो पटक झलकमान गन्धर्वले रेडियो नेपालमा गीत गाएका हुन्, त्यसपछिका दिनमा रेडियो नेपाल आफैंले उनलाई नियमित रूपमा डेट दिने कार्य गर्‍यो ।

रेडियो नेपालमा उनका दुई दर्जन लोकगीत रेकर्ड भएका छन् । तिनै गीतबाट झलकमानले लोकप्रियता र श्रोताको माया र प्रेम पाए । एउटा राष्ट्रिय कलाकारका रूपमा परिचय र पहिचान बनाए । उनले जीवनमा पटक-पटक लिइरहने नाम हो, जनकवि केसरी धर्मराज थापा । जसले उनको वास्तविक गायन क्षमता प्रतिभा र दुर्लभ कला पक्षको बारेमा सूक्ष्म अध्ययन मनन गरी रेडियो नेपालमा उनलाई जागिर दिलाउन सहयोग गरेका थिए ।

झलकमान नेपालका १४ अञ्चल ७५ जिल्ला मात्र घुमेनन्, जर्मनी, बेल्जियम, युगोस्लाभिया, फ्रान्स, इन्डियालगायतका देश सारंगी र गन्धर्व गायनकै माध्यमबाट घुमे जहाँ उनले पहिलो पटक नेपाली मौलिक वाद्य यन्त्र सारंगीको पहिचान दिलाए, सारंगीको नौलो स्वाद चखाए, त्यहाँका संगीतप्रेमी श्रोतालाई । धर्मराजसँगै उनले जीवनमा भुल्न नसक्ने नामहरू हुन्, नातिकाजी, शिवशंकर, कुमार बस्नेत, यनन्द लामा, प्रेमराजा महत, बमबहादुर कार्की, चन्द्रकला शाह, ज्ञानु राणा, हीरादेवी वाइबा, तारा थापा आदि हुन् जसले नेपाली लोक-संगीतको विकासमा सकारात्मक योगदान पुर्‍याए र सारंगीलाई आफ्नो गीतमा प्रचुर मात्रामा स्थानसमेत दिए ।

### मेरो विचारमा झलकमान

झलकमान गन्धर्व नेपाली लोक-संगीतका पिता हुन् । जसको सांगीतिक गर्भबाट जन्मिएका असंख्य लोकधुन पछिल्ला समयमा नेपाली संगीतमा विभिन्न रूप, रंग र ढर्रामा सजिएर आएका छन् । उनले संकलन गरेका लोकगीत लोक जीवनका आत्मा झैं बनेका छन् । नेपाली आधुनिक संगीतमा समेत कतिपय उनका धुन नयाँ भर्सनमा समेत उनिएका छन् । कतिपय उनका गीतका फ्लेवर र शैली नयाँ गीतका रूपमा समेत संगीतबद्ध भएका पनि छन् । यस दृष्टिकोणबाट हेर्दा उनी लोक संगीतका जननी पनि हुन्, कुशल अभिभावक पनि हुन्, कुशल र सफल प्रस्तोता त हुन् नै ।

जुन बेला नेपाली संगीतमा लोकगीतको अभाव थियो, जुनबेला लोक संगीतको वास्तविक पहिचानसमेत खुलिसकेको थिएन, जुनबेला गाउँ-गाउँ, बस्ती-बस्ती पुगेर त्यहाँका वास्तविक जनजीवन र परिवेशमा सिर्जित कथा-व्यथाहरू सँगाल्ने, अँगाल्ने र त्यसलाई संगठित एवं सुसंयोजित रूपमा संगीतको ढाँचामा ढाल्ने लोक स्रष्टाहरूको अभाव थियो, जुनबेला थोरै मात्र स्रष्टा सर्जक यो क्षेत्रमा क्रियाशील थिए, त्यस्तो बेला झलकमान गन्धर्वले १४ अञ्चल ७५ जिल्लाका कुना कन्दरामा पुगेर त्यहाँको वास्तविकतालाई सहरबजारमा ल्याइपुर्‍याएनन् मात्र रेडियो नेपालको माध्यमबाट फेरि परिस्कृत र परिमार्जित रूपमा गाउँ बस्तीमै पुर्‍याए ।

सञ्चारमाध्यमको आमरूपमा विकास नभइसकेको अवस्थामा गाउँ-गाउँमा सारंगी बजाउँदै, गाउँदै देश देशान्तरका सूचना, सन्देश, जानकारी, घटनाक्रम, जीवनकथा र सफल मानिसका इतिवृत्ति लोकगीतकै माध्यमबाट देशका कुनाकाप्चामा पुर्‍याए । तिनै गाउँबेंसी घुम्दा, रहँदा, बस्दा, जनजीवनसँग साक्षात्कार गर्दा पाएका अनुभव, अनुभूति, सुख-दु:ख सबैलाई समेटेर विभिन्न लोकभाका रेडियो नेपालमा रेकर्ड गरे जसले नेपाली संगीतको सांगीतिक भण्डारलाई मलिलो, खँदिलो र उर्वर बनाउन महत्त्वपूर्ण योगदान खेलेको छ ।

३०औं वर्ष उनले रेडियो नेपालको सेवा गरे, गन्धर्व संस्कृतिको उत्थान र प्रगतिमा आफ्नो सम्पूर्ण जीवन अर्पण गरे । उनी भौतिक रूपमा यस धर्तीमा नरहे पनि उनका कालजयी लोकथुंगाहरू नेपाली संगीतको फूलबारीमा सधैं फक्रि नै रहनेछन्, तिनका लोक संगीतका बान्की र अनुपम छटाहरूले नेपाली लोक संगीतलाई सदा सुवासयुक्त बनाइराख्ने छ ।



# पर्यटकको गन्तव्य कालिञ्चोक

नीता राउत

दोलखा जिल्लाको उत्तरतर्फ ३ हजार ८ सय ४२ मिटरको उचाइमा रहेको दोलखाको प्रसिद्ध कालिञ्चोक क्षेत्र पर्यटकीय गन्तव्यको केन्द्रबिन्दु बन्दै गएको छ । भूकम्पपछि ६ महिनासम्म सुनसान बनेको कालिञ्चोक क्षेत्रमा बिस्तारै पर्यटकको संख्यामा वृद्धि हुन थालेको छ भने त्यहाँका होटल व्यवसायी पनि आफ्नो व्यवसायमा फर्किएका छन् । बाह्रै महिना आन्तरिक तथा बाह्य पर्यटकले खचाखच हुने कालिञ्चोक क्षेत्र भूकम्पपछि ६ महिना सुनसान बनेको थियो भने होटल व्यवसायीहरू पनि होटल बन्द गरेर बसेका थिए । अहिले पुन: कालिञ्चोक क्षेत्रमा पर्यटकको संख्यामा वृद्धि हुँदै जान थालेपछि व्यापारीहरू पनि होटल सरसफाइमा लागेका छन् ।

सामान्य अवस्थामा दैनिक सयभन्दा बढी पर्यटक त्यस क्षेत्रमा पुग्ने गरेका छन् भने विशेष पर्व बिदा, शुक्रबार र शनिबार कालिञ्चोकमा १ हजारभन्दा बढी पर्यटक पुग्ने गरेका छन् । कालिञ्चोकबाट मनोरम दृश्य हेर्न मिल्ने र भगवान्को दर्शन पनि गर्न पाइने भएकाले कालिञ्चोक आएको काठमाडौं ठमेलका राजेश श्रेष्ठ बताउँछन् । उनले यस ठाउँ सोचेको भन्दा पनि राम्रो र सबैजना एक पटक आउनै पर्ने ठाउँसमेत रहेको बताउँदै फेरि पनि समय मिलाएर आउने बताएका छन् ।

मन्दिर रहेको स्थानबाट गौरीशंकरसहितको हिमशृंखलाको दृश्यावलोकन गर्न, नजिकैबाट सूर्योदयको अवलोकन गर्न र हिउँ खेल्नका लागि सबैभन्दा बढी युवायुवती यस क्षेत्रमा आउन थालेका छन् । भक्तपुर थिमीका रमिला श्रेष्ठ मन्दिर रहेको स्थानबाट गौरीशंकरसहितको हिमशृंखलाको दृश्यावलोकन, नजिकैबाट सूर्योदयको अवलोकनले आफूलाई मोहित बनाएको बताउँछिन् । यसरी त्यहाँ पुग्ने जोसुकै पनि त्यहाँको प्राकृतिक सौन्दर्यले लट्ठ हुने गर्दछन् र अनि आफ्ना नातेदार तथा छिमेकीलाई यस ठाउँमा एक पटक भए पनि पुर्‍याउन आतुर हुन्छन् ।

कुरी बजारबाट कालिञ्चोक भगवती मन्दिर पुग्न झन्डै एक घन्टा उकालो चढ्नुपर्ने स्थानीयको भनाइ छ । सडक यातायात सञ्चालन भएपछि त्यस क्षेत्रमा ३० ओटा सुविधायुक्त होटल खुलेको र कहिलेकाहीं मान्छेको चापले व्यवस्थापन गर्न कठिनाइ हुने गरेको होटल व्यवसायी बताउँछन् । ३ हजार ८ सय ४२ मिटरको उचाइको मन्दिर दर्शन गर्न मुलुकका विभिन्न भागबाट दैनिक सयौं व्यक्ति आउने गरेको स्थानीय व्यापारीको भनाइ छ । यातायातका साधन चल्न थालेपछि अझै कालिञ्चोक क्षेत्रमा चाप बढ्न थालेको हो । कालिञ्चोक मन्दिरमा दर्शन गर्‍यो भने मागेको कुरा पूरा हुने, रोग-व्याधी नलाग्ने, शत्रुको भय नहुने, धन-सम्पत्ति वृद्धि हुने जनविश्वास रहेको छ ।

# बजार पाएन सुन्तलाले

राजेन्द्र कार्की



यस वर्ष जाजरकोटको ढिमे-१ दम्दालामा १ करोड रुपैयाँ बराबरको हाराहारीमा सुन्तला फलेको छ । जिल्लामा सुन्तला उत्पादनको मुख्य क्षेत्र ढिमे-१ दम्दालामा यस वर्ष १ करोडबराबरको सुन्तला फलेको हो ।

सुन्तला खेती र यो वर्षको उत्पादनबारे स्थलगत रूपमा अनुगमन गर्न दम्दाला पुगेका जिल्लाका सरकारी अधिकारी, पत्रकार र राजनीतिक दलका नेताहरूलाई किसानले सुन्तला खेतीको पकेट क्षेत्र दाम्दालामा १ सय हेक्टर जमिनमा १ करोढको सुन्तला फलेको जानकारी गराए । दम्दालामा सुन्तला उत्पादनमा व्यावसायिक खेती गर्दै आएका केही किसानले वार्षिक रूपमा व्यक्तिगत १ लाखदेखि १० लाख रुपैयाँसम्म आम्दानी गर्ने गरेका छन् ।

बजार, सडक पहुँच र मूल्यको अभावमा पनि आफूहरूले करोडबराबरको सुन्तला उत्पादन गरे पनि बजार अभावले सुन्तला बिक्री-वितरणमा समस्या परेको अगुवा किसान शक्तिबहादुर वलीले बताए । सुन्तला बिक्रीका लागि एक दिनभर डोकोमा बोकेर सदरमुकाम पुर्‍याउनुपर्ने बाध्यता रहेको र ढुवानी मूल्य बढी लाग्ने भएकाले आफूहरूको सुन्तलाले उचित मूल्य पाउन नसकेको उनले बताए । उनले आफूले यस वर्ष १० लाखको सुन्तला फलाएको बताए । यस वर्ष सुन्तलामा ढुसी र भाइरस नामको रोग लागेका कारण सोचेको जस्तो सुन्तला नफले पनि बिक्री वितरणमा समस्या परेको बताए ।

अगुवा किसान वलीले दाम्दालामा २ सय घरपरिवारले व्यावसायिक रूपमा सुन्तला खेती गरिरहेको र यसतर्फ आकर्षित हुने क्रम बढ्दो रूपमा रहेको बताए । उनले दाम्दालामा मात्र १ सयभन्दा बढी हेक्टर जमिनमा सुन्तला खेती गरिएको भन्दै प्राविधिक तथा राम्रो बजार पाए अझै यसतर्फ किसानको आकर्षण बढ्ने विश्वास लिए । दाम्दालामा यो वर्ष २५ हजार बोटमा सुन्तला फलेको किसान बताउँछन् ।

वलीजस्तै अर्को सुन्तला खेती गरिरहेका किसान अन्जना खड्काले आफूले यस वर्ष ३ लाखबराबरको सुन्तला फलाएको बताइन् । सुन्तलाको दाना र बिरुवा उत्पादन गरेर आफूले ३ लाख आम्दानी गर्ने खड्काले बताइन् । उनले बारीमा फलेको सुन्तला बजारमा पुर्‍याउन समस्या रहेको बताए ।

शनिबार सुन्तला खेती अनुगमन गर्न गएको जिल्लास्तरीय अनुगमन टोलीसँग किसानले सुन्तला खेतीको सम्भावना धेरै भए पनि आफ्ना समस्या र मागबारे कसैले सुनुवाइ नगरिदिएको गुनासो गरे । उनीहरूले सुन्तलाबारीसम्म सडक पहुँच नभएको, ढुवानीको समस्या रहेको, विभिन्न रोगको समयमै उपचार गर्न नसकिएको तथा बजार अभावमा उचित मूल्य नपाएको र यसतर्फ सहयोग गरिदिन अनुगमन टोलीसँग आग्रह गरेका थिए । प्रमुख जिल्ला अधिकारी जनार्दन गौतम, जिल्ला न्यायाधीस लीलाराज अधिकारी, प्रहरी प्रमुख डीएसपी दानबहादुर मल्ल, निमित्त स्थानीय विकास अधिकारी टेकबहादुर खत्रीलगायत एक दर्जन पत्रकार र राजनीतिक दलका प्रतिनिधिको टोलीले सुन्तला उत्पादनको अवस्थाबारे अनुगमन गरेको थियो ।

सुन्तला खेतीको अनुगमन गर्न गएका सरकारी अधिकारी, दलका नेता र पत्रकारहरूसँग किसानले दाम्दालामा सुन्तला उत्पादन जिल्लाकै राम्रो आर्थिक विकासको सम्भावना भए पनि सडक सञ्जालको पहुँच अभाव हुँदा आफूहरूले निकै समस्या बेहोरिरहेको र पाँच वर्षदेखि सरोकारवालासँग माग राखिरहेको भए पनि कुनै सुनुवाइ नभएको गुनासो गरेका थिए । बजारसम्मको सहज पहुँच नहुँदा उचित मूल्य पाउन नसकेको अर्का सुन्तला किसान रणबहादुर थापाले बताए । उनले केही भएन भने पनि वर्षमा २ लाख रुपैयाँ सजिलै कमाउने गरेको भन्दै बजारसम्म सुन्तलाको ढुवानी सहज भएर उचित मूल्य पाए अझै सुन्तला खेती फस्टाउने बताए । अहिले दाम्दालामा बोटमै सुन्तला प्रतिदाना ५ र प्रतिकेजी ४० रुपैयाँमा बिक्री हुने गरेको र बजारमा ६० रुपैयाँमा बिक्री हुने गरेको किसानको भनाइ छ । दाम्दालाको सुन्तला नेपालगन्ज, सुर्खेत, रुकुम, डोल्पा, जुम्लालगायत जिल्लाका विभिन्न बजार र मेलामा जाने गरेको किसान बताउँछन् ।

व्यावसायिक रूपमा सुन्तला खेती गर्ने किसानका लागि बिरुवा, रोगको औषधि, प्राविधिक ज्ञान र सीप तथा अन्य सहयोग निरन्तर दिने काम भइरहेको जिल्ला कृषि विकास कार्यालयका वरिष्ठ कृषि विकास अधिकृत चित्रबहादुर रोकायले बताए । उनले किसानले उठाएका समस्यालाई जिल्लाका सबै सरोकारवालाले ध्यान दिए दाम्दालामा सुन्तला उत्पादन बढ्ने बताए । बजारीकरणका लागि आवश्यक पहल गर्ने रोकायले प्रतिबद्धता गरेका छन् ।

# विन्ध्यवासिनी लाइफ टाइम अवार्डबाट प्रेमध्वज सम्मानित







तस्बिर : सत्यन श्रेष्ठ/राजधानी

**राजधानी समाचारदाता/काठमाडौं**

'विन्ध्यवासिनी लाइफ टाइम अचिभमेन्ट अवार्ड-२०७२ बाट अग्रज गायक प्रेमध्वज प्रधानलाई सम्मान गरिएको छ। विन्ध्यवासिनी फाउन्डेसनद्वारा शुक्रबार राजधानीको आर्मी अफिसर्स क्लबमा आयोजित 'छैटौं विन्ध्यवासिनी म्युजिक अवार्ड-२०७२' समारोहमा ५१ हजार १ सय ५१ रुपैयाँ नगदसहित गायक प्रधानलाई सम्मानित गरिएको हो।

कुल ३१ विधाबिच प्रतिस्पर्धा भएको 'छैटौं विन्ध्यवासिनी म्युजिक अवार्ड-२०७२' मा गजल संग्रह झरीको साउनको भेलजस्तो...गीतबाट डब्बु क्षत्रीले सर्वोत्कृष्ट गीतको अवार्ड जिते। यही गीतबाट संगीतकार जुगल डंगोलले संगीत संयोजन विधामा अवार्ड हासिल गरे।

सुगम संगीततर्फ डा. कृष्णहरि बरालले हेर्ने हजार आँखा...गीतबाट सर्वोत्कृष्ट गीतकारको अवार्ड हासिल गरे। श्रद्धा अधिकारी धेरैलाई बाँड्दा नपुग्ला माया...गीतबाट सर्वोत्कृष्ट महिला गीतकारको अवार्ड जितिन्। सुगम संगीततर्फ नै युवराज चौलागाईंले हरेक शब्द... गीतबाट सर्वोत्कृष्ट गायक, श्रेयसी चेम्जोङ म तिम्रो हुँला नहुँला...गीतबाट सर्वोत्कृष्ट गायिकासहित पब्लिक च्वाइस अवार्ड जितिन्। यही गीतबाट राजकुमार बगर सुगम संगीततर्फको सर्वोत्कृष्ट संगीतकारको अवार्ड जिते। सुगम संगीतमै विनोद बन्जराको



गीतिसंग्रह 'बन्जरा' एल्बम सर्वोत्कृष्ट एल्बमको अवार्ड जित्न सफल भयो।

सुगम संगीततर्फको म्युजिक भिडियो विधामा सर्वोत्कृष्ट भिडियो निर्देशकको अवार्ड सुरज श्रेष्ठले आफ्नै जिन्दगीको...गीतबाट हासिल गरे। यही गीतबाट प्रवीण श्रेष्ठले भिडियो सम्पादकको अवार्ड चमे। धुजा धुजा...गीतबाट राजेश घिमिरेले सर्वोत्कृष्ट छायाकारको अवार्ड प्राप्त गरे।

विन्ध्यवासिनी अवार्डमा तिम्रो आँखाको भाका...बाट सुरजकुमार थापा र निकिता थापाले सर्वोत्कृष्ट युगल गायनतर्फको अवार्ड थापे। चलचित्र संगीततर्फ मात लाग्योबाट... रामचन्द्र काफ्लेे सर्वोत्कृष्ट गायक सोही गीतको संगीतबाट चेतन सापकोटाले सर्वोत्कृष्ट संगीतकारको अवार्ड उचाले। तिमी गीत हौं कि...बाट सर्वोत्कृष्ट गायिकाको अवार्ड जुनु रिजालले थापिन्।

पप संगीततर्फ बादल प्रसाईंले फूलको हत्या... गीतबाट सर्वोत्कृष्ट पप गायक, सोही गीतबाट सुगम पोखरेल संगीतकार, आकांक्षा बस्याल सोर शृंगार...गीतबाट सर्वोत्कृष्ट पप गायिकाको अवार्ड जितिन्। राष्ट्रिय भावनाले ओतप्रोत सर्वोत्कृष्ट गीतकारको अवार्ड बिहानी घामले...गीतबाट रोशन भट्टराईले प्राप्त गरे। यस्तै दुई थोपा आँसु...गीतबाट राजेश्वर तण्डुकारले सर्वोत्कृष्ट रेकर्डिस्टको अवार्ड हासिल गरे।

लोकदोहोरी गीततर्फ बद्री पंगेनीले रातो पछ्यौरी...बाट सर्वोत्कृष्ट गायक, कला पंगेनीले गन्द्री तानेर...बाट सर्वोत्कृष्ट लोक गायिका गायिका, कमल सरगम आत्महत्य...सर्वोत्कृष्ट लोकगीत संगीतकार र एकनारायण भण्डारीले रातो पछ्यौरी...बाट नै सर्वोत्कृष्ट लोकगीत रचनाकारको अवार्ड हासिल गरे। मैले जति तिमीलाई माया...बाट हरि डँगीको सर्वोत्कृष्ट निर्माता, मलाई दुख्दा दुख्ने मुटु..बाट गरीमा पन्त र विमल अधिकारी सर्वोत्कृष्ट लोक दोहोरी म्युजिक भिडियो मोडल र कसको सिन्दूर पर्ने हो..गीतको भिडियोबाट कपिल लामाले सर्वोत्कृष्ट लोक म्युजिक भिडियो निर्देशकको अवार्ड जिते।

लोक तथा दोहोरी गीततर्फ मुलको पानीले...बाट अमृत खाती सर्वोत्कृष्ट नव प्रतिभा, यही गीतको भिडियोबाट विजय थापा र रश्मी तामाङले सर्वोत्कृष्ट लोक दोहारी म्युजिक भिडियो मोडलको अवार्ड थापे। मेरो पहिलो माया...गीतबाट गंगाधर पराजुलीले सर्वोत्कृष्ट पप तथा आधुनिक नव प्रतिभाको अवार्ड हाँसिल गरे। एसियन म्युजिक प्रालिलाई



अवार्ड वर्षको सर्वोत्कृष्ट म्युजिक कम्पनीको अवार्ड प्रदान गरियो।

सोही कार्यक्रममा त्यसै गरी २५ हजार ५ सय २५ रुपैयाँ राशिसहितको 'विन्ध्यवासिनी कला पत्रकारिता सम्मान-२०७२' बाट पत्रकार कृष्ण भट्टराईलाई सम्मानित गरिएको छ। लोकप्रिय गायक गायक राजेश पायल राईलाई १५ हजार ५ सय १५ रुपैयाँ राशिको 'विन्ध्यवासिनी संगीत रत्न सम्मान-२०७२'बाट सम्मानित गरियो। ८ वर्षको उमेरमा चलचित्रको निर्देशन गरी विश्व रेकर्ड कायम गरेबापत सौगात विष्टलाई १० हजार १ सय रुपैयाँसहित विशेष सम्मान प्रदान गरिएको छ।

कार्यक्रममा आयोजक संस्था विन्ध्यवासिनी फाउन्डेसनकी अध्यक्ष लीना शर्मा रेग्मीले भूकम्प र नाकाबन्दीबाट प्रभावित नेपाल संगीत क्षेत्रले विस्तारै आकार लिने विश्वास व्यक्त गरिन्। कार्यक्रममा बद्री पंगेनी, राजेश पायाल राई र प्रमोद खरेलले आफ्ना गीतबाट दर्शकको मन जिते। यस्तै विजय थापाको समूह, अजय अधिकारीको समूह र कविता बानियाँको नृत्य पनि त्यत्तिको मनमोहक थियो।

# इन्टिग्रिट अवार्डमा उत्कृष्ट पाँच चयन

**काठमाडौं/रास-** नेपालमा नागरिक स्तरबाट सर्वोत्कृष्ट कर्मचारीलाई 'इन्टिग्रिटी आइडल नेपाल-२०१५' बाट सम्मान गरिने भएको छ। यो अवार्ड गत वर्षबाट एकाउन्टबिलिटी ल्याबले प्रदान गर्न थालेको हो। सबै तहमा लोकप्रिय हुँदै गइरहेको यो अभियानले देशभरका निजामती कर्मचारीबिच चर्चा पाएको आयोजक पक्षको भनाइ छ।

आयोजक पक्षका अनुसार २०१५ का लागि यस वर्ष देशभरिबाट ५ सय ५८ कर्मचारीको नाम प्रस्तावित भएको थियो। अख्तियार दुरुपयोग अनुसन्धान आयोगकका पूर्वप्रमुख आयुक्त सूर्यनाथ उपाध्याय संयोजक रहेको छनोट समितिले सिफारिस गरेको अन्तिम पाँचजनाको नाम घोषणा सहित इन्टिग्रिटी आइडल चयन गर्न आम नागरिकबाट मतदानका लागि सार्वजनिक गरिएको छ।

यस वर्ष अन्तिम ५ मा परेका कर्मचारीमा गुल्मीका प्रमुख जिल्ला अधिकारी प्रदीपराज कँडेल, सहयोगी उच्च मावि स्रोत केन्द्र काठमाडौंका स्रोत व्यक्ति रामनारायण शाह, बर्दिया राष्ट्रिय निकुञ्जका सहायक



व्यवस्थापन अधिकृत रमेशकुमार थापा, म्याग्दीस्थित बेनी सामुदायिक उच्च माविका प्रधानाध्यापक दीपक श्रेष्ठ र खोटाङका महिला विकास निरीक्षक भुवनकुमारी राई रहेका छन्। उनीहरू एक असल र इमानदार कर्मचारी मात्र नभएर जिम्मेवार, सरकारीप्रति जवाफदेही र लोकप्रिय र प्ररणादायी पनि हुनुहुन्छ।

उत्कृष्ट ५ मध्येबाट सर्वोत्कृष्ट चयनका लागि एसएमएस भोटिङ र इन्टिग्रिटी डट ओआरजीबाट भोटिङ गर्न सकिने आयोजक पक्षले जनाएको छ। एसएमएस र वेबसाइटबाट प्राप्त मतसहित निर्णायक मण्डलको मतका आधारमा निर्णायक घोषणा गरिने पनि आयोजक पक्षले जनाएको छ। सक्षम, इमानदार र कर्तव्यनिष्ठ राष्ट्रसेवकलाई सम्मान गर्ने उद्देश्यले सुरु गरेको 'इन्टिग्रिटी आइडल नेपाल' अन्तरगत यस वर्षको छनोट प्रक्रिया अन्तिम चरणमा पुगेको ल्याबका प्रमुख नारायण अधिकारीले जानकारी दिए। नेपालबाट सुरुआत गरिएको अभियान यो वर्ष लाइबेरियासम्म विस्तार भइसकेको छ। जसअन्तर्गत 'इन्टिग्रिटी आइडल लाइबेरिया-२०१५' हालै सम्पन्न भएको पनि अधिकारीले बताए। सन् २०१६ मा पाकिस्तानमा पनि यो अवार्ड सञ्चालन हुने उनले जानकारी गराए।

# भुवनले ड्रिम्सको फस्ट लुक्स ल्याए

**काठमाडौं/रास-** सदाबहार अभिनेता भुवन केसीले पहिलो निर्देशन गरेको चलचित्र ड्रिम्सको प्रचार सामग्री अन्तर्गत पहिलो पोस्टर शुक्रबार सार्वजनिक गरेका छन्। क्रिसमस डेको अवसर पारेर निर्देशक भुवनले सञ्चार माध्यममार्फत फिल्मको पोस्टर सार्वजनिक गरेका हुन्। सो पोस्टरमा अभिनेता अनमोल केसी र अभिनेत्री साम्राज्ञी राज्यलक्ष्मी शाहलाई समेटिएको छ।

अभिनेता भुवन केसीले तिन दशक लामो चलचित्र यात्रामा छोरा अनमोल केसीलाई मुख्य भूमिकामा उतारेर यही चलचित्रबाट निर्देशन सुरु गरेका हुन्। उनले यसअघि काजल फिल्मसको ब्यानरबाटै करोडपति, नेपाली बाबु, म तिमीविना मरिहाल्छु जस्ता सुपरहिट फिल्म निर्माण गरिसकेका छन्। गृह ब्यानर काजल फिल्मस्मार्फत 'ड्रिम्स' आगामी २१ फागुनबाट देशव्यापी प्रदर्शनीमा आउने उनले शुक्रबार राजधानी सम्पन्न फेसियल हाउसको आठ औं वार्षिक उत्सव समारोहमा प्रकाश पारे।

फिल्ममा साम्राज्ञीराज्य लक्ष्मी शाहसँगै सन्ध्या केसी पनि नवोदित अभिनेत्रीका रूपमा रहेका छन्। यो चलचित्रमा पुरुषोत्तम प्रधान र सञ्जय लामाको छायांकन, हरकुलिश बस्नेत र विशेष पाण्डेको संगीत, सामीप्यराज




तिमल्सेनाको पटकथा, बनिस शाह र मिलन श्रेष्ठको सम्पादन, चन्द्र पन्तको द्वन्द्व, कविराज गहतराजको नृत्य रहेका छ। यसअघि दुई फिल्म निर्देशन गरिसकेका दिवाकर भट्टराईले फिल्मको एसोसिएट निर्देशकका रूपमा काम गरेका छन्।






## आजको राशिफल

❑ ज्यो. पं. घनानन्द शर्मा घिमिरे 9849082003

- **मेष-** आम्दानीमा सुधार आउनेछ।
- **वृष-** सुख शान्ति छाउनेछ।
- **मिथुन-** सरकारी काम असफल हुनेछ।
- **कर्कट-** स्वास्थ्य प्रतिकूल रहनेछ।
- **सिंह-** धनलाभ हुने योग रहेको छ।
- **कन्या-** सशुख तथा लाभ हुनेछ।
- **तुला-** कामहरू असफल हुनेछन्।
- **वृश्चिक-** पेटको समस्या आउनेछ।
- **धनु-** राम्रो किसिमको लाभ हुनेछ।
- **मकर-** खर्च हुने तथा धन नाश हुनेछ।
- **कुम्भ-** मिष्ठान्न भोजन प्राप्त हुनेछ।
- **मीन-** मनमा अशान्ति हुनेछ।







## वर्गीकृत डिस्प्ले

**राहदानी हरायो**

मिति २०७२/८/१० गते जोरपाटीदेखि चक्रपथसम्म जाँदा मेरो निम्न व्यहोरा भएको राहदानी हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु।
नाम : शर्मिला लाम्मादे
राहदानी नं.: ०६०३४०१८
ठेगाना : देउसा-३, सोलुखुम्बु
सम्पर्क : ९८१३९९८००३

**राहदानी हरायो**

मिति २०७२/६/१९ गते चारदोबाटोदेखि पुलबजारसम्म जाँदा मेरो निम्न व्यहोरा भएको राहदानी हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु।
नाम : विनोद विक्रम तिमल्सिना
राहदानी नं.: ०५७६०८५७
ठेगाना : डुक्सर्क-८, काभ्रेपलाञ्चोक
सम्पर्क : ९८६०८६४८५३

**राहदानी हरायो**

मिति २०७२/६/२७ गते नयाँ बसपार्कदेखि कलंकीसम्म जाँदा मेरो निम्न व्यहोरा भएको राहदानी हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु।
नाम : विनय शाह
राहदानी नं.: १९९४२१९
ठेगाना : बाँफीकोट-१, रुकुम
सम्पर्क : ९८५११४४५६१

**राहदानी हरायो**

मिति २०७२/८/२८ गते शिवनगर रौतहटदेखि गौरसम्म जाँदा मेरो निम्न व्यहोरा भएको राहदानी हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु।
नाम : सुभाष कुमार मिश्र
राहदानी नं.: ०७८२८२०९
ठेगाना : पोठियाही-६, रौतहट
सम्पर्क : ९८४५३८३२१३

**वर्गीकृत डिस्प्लेको लागि हरेक दिन सम्पर्क : ५५४६३००**
E-mail :- rajdhani_marketing yahoo.com/rajdhanimarketing76@gmail.com

# अर्थ

**सुन-चाँदी**



| | |
|---|---|
| छापावाल प्रतितोला | - रु.४८,३००/- |
| तेजाबी प्रतितोला | - रु.४८,०५०- |
| चाँदी प्रतितोला | - रु.६७५/- |

## ग्रामीण सडक विस्तारले जीवनस्तरमा सुधार

**शिव दुवाडी/सोलुखुम्बु**



ग्रामीण क्षेत्रमा भएको सडक सञ्जालको विस्तारले विकट पहाडी जिल्लाका सर्वसाधारण मनिसको जीवनस्तरमा आमूल परिवर्तन आउन थालेको छ। सडक सञ्जालको अभावमा दैनिक जीवनयापनमै कठिनाइ भोग्दै आएका स्थानीय जनताको जीवनस्तरमा सडक सञ्जालको विस्तारसँगै एकाएक परिवर्तन आउन थालेको हो।

सोलुको गार्मा-नेले सडक खण्ड विस्तारबाट अहिले त्यस क्षेत्रका सयौं घरपरिवार लाभान्वित भएका छन्। गार्माकी सरिमाया राईलाई २ वर्षअगाडिसम्म हातमुख जोर्न नै धौंधौ पर्ने गरेको थियो। अहिले एसियाली विकास बैंक (एडीबी) को सहयोगमा त्यस क्षेत्रमा सडक सञ्जाल विस्तार भएपछि उनको दैनिकी नै फेरिएको छ। सडक सञ्जाल पुगेपछि उनलाई अहिले खानलाउनको कुनै दुःख छैन। बरु उनले अहिले वचत गर्न थालिसकेकी छन्।

सरिमायाको मात्र होइन, अहिले त्यस क्षेत्रमा सबैको दैनिकी फेरिएको छ। नेलेका गोपाल गुरुङ गाउँमा एडीबीले सडक पुऱ्याइदिएपछि अहिले एकै दिनमा राजधानी काठमाडौंसम्म पुग्न सम्भव भएकोमा औधि खुसी छन्।

सडक पुगेपछि अहिले स्थानीयस्तरमा उत्पादित वस्तुको बजारसम्म पहुँच विस्तार गर्न, एकअर्को स्थानबाट आवतजावत गर्न, औषधोपचार र शिक्षा तथा स्वास्थ्यलगायत क्षेत्रमा पनि सडक सञ्जाल विस्तारपछि निकै सहज भएको उनी बताउँछन्।

सडक नहुँदा कति महिलाको सुत्केरी हुन नसकेर मृत्यु हुने गरेकोमा अहिले त्यस्ता बिरामीलाई बजारसम्म पुऱ्याई औषधोपचार गर्न सहज भएको उनले बताए। यसबाहेक अन्य बिरामीको उपचारमा पनि यसले ठुलो फाइदा पुऱ्याएको उनको ठम्याइ छ। सडकको ट्र्याक खुलेपछि हाल त्यस क्षेत्रमा बेरोजगारी समस्याको समेत लगभग अन्त्य नै भएको छ।

ग्रामीण पूर्वाधार विकास र तथा जीवनयापन सहयोग कार्यक्रम सञ्चालन भएपछि यहाँका बासिन्दाले रोजगारीको अवसर पाई आयआर्जन गर्ने मौका पाएको एसियाली विकास बैंकका नेपालस्थित कार्यालय प्रमुख केनिची योकोयामा बताउँछन्। एडीबीको सहुलियतपूर्ण ऋण सहयोगमा विकट पहाडी जिल्लाहरूमा सडक सञ्जाल विस्तारको क्रममा स्थानीयले आयआर्जनको राम्रो मौका प्राप्त गरेको बताए।

कमजोर आर्थिक अवस्था भएका स्थानीयलाई आर्यआर्जनको मौका पनि मिल्ने र स्थानीय स्तरमा बाटोघाटोको सुविधा पनि पुग्ने भएकाले सडक विस्तारको क्रम पनि सम्भव भएसम्म स्थानीय बासिन्दालाई काम गर्न प्राथमिकतामा राखिएको उनी बताउँछन्। यसले गर्दा उनीहरूलाई प्रत्यक्ष आम्दानी गर्न सहयोग पुगेको छ।

सडक सञ्जाल विस्तार भइसकेपछि त्यही सडकको मर्मतसुधार र अन्य विभिन्न खालका उपयोग गरी आम्दानीको स्रोतलाई निरन्तर कायम राख्न सक्ने अवस्था त्यहाँ रहेको छ। सडककै कारण स्थानीय क्षेत्रमा आन्तरिक तथा बाह्य पर्यटक प्रवर्द्धन गरी विदेशी मुद्रा आर्जन गर्ने मौकासमेत मिल्न थालेको छ। यहाँका रमणीय र मनमोहक पर्यटकीय आकर्षणले थुप्रै पर्यटकको मन लोभ्याउने गरेको छ।

## इन्धन अभावले उत्पादन बन्द गर्ने संस्थानको चेतावनी

**कोकिला ढकाल/इलाम**

दुध उत्पादनमा निर्भर इलामका किसानलाई पछिल्ला दिनहरू दुध बिक्रीका लागि केही सहज बने पनि अझै ढुक्क हुने अवस्था बन्न सकेको छैन। भदौयता कायम रहेको मिल्क होलिडे केही खुकुलो भए पनि अझै शुक्रबार र शनिबार दुध बन्द हुँदा इलामले मात्र अझै दैनिक ३८ हजार लिटर दुधको नोक्सान बेहोर्दै आइरहेको छ।

पाँच दिनबाट घटेर दुई दिन दुध बन्द हुँदा पनि ७६ हजार लिटर दुध नोक्सान हुने गरेको छ। यसलाई रकममा लैजाँदा प्रतिलिटर ३० रुपैयाँका दरले मात्र पनि २२ लाख ८० हजार रुपैयाँ दुई दिनमा किसानलाई घाटा हुन्छ।

असोजयता जारी मधेस आन्दोलन र भारतद्वारा लगाइएको अघोषित नाकाबन्दीका कारण दुध खरिद गर्न नसकिएको जनाउँदै आएको दुग्ध विकास संस्थान दुग्ध वितरण आयोजना विराटनगरले पछिल्लो समयमा स्थिति केही सहज भएपछि पाँच दिनबाट घटाएर मिल्क होलिडेलाई दुई दिनमा झारिएको जनाएको छ। तर, दुध ढुवानी गर्ने इन्धन अभाव हुँदा किसानको सबै दुध संकलन र ढुवानी गर्न नसकिएकाले अझै दुई दिन संकलन नै बन्द गर्नुपर्ने अवस्था रहेको आयोजनाले बताएको छ।

'इलामसहित नौ जिल्लाबाट दुध संकलन हुन्छ। त्यहाँबाट दुध ढुवानी गर्न ८-९ ओटा ट्यांकर छन्। तर, इन्धन नै पुग्दैन,' आयोजना प्रमुख ईश्वरीराज न्यौपानेले भने, 'सरकारले जिल्ला प्रशासन कार्यालयको सिफारिसमा इन्धन दिन्छ। त्यो इन्धनले धान्दैन। अब इन्धन नहुँदा पुनः दुध बन्द गर्ने अवस्था छ।' आयोजनालाई मोरङ जिल्ला प्रशासन कार्यालयले १२ हजार लिटर डिजेल दिने गरेकोमा बिहीबारबाट १८ हजार लिटर डिजेल दिन थालेको छ।

४५ हजार लिटर इन्धन आवश्यक पर्नेमा १८ हजार लिटर इन्धन दिँदा त्यसले आयोजनाका लागि एक चौथाइ मात्र काम हुने गरेको प्रमुख न्यौपाने बताउँछन्। 'नौ जिल्लाबाट दुध ढुवानी गर्नुपर्‍यो, यहाँ ल्याएको दुधको १० हजार लिटर मात्र उपभोक्तामा जान्छ, बाँकी दुधलाई घिउ र पाउडरका लागि पनि प्रशोधन गर्नुपर्छ। त्यसलाई पनि इन्धनकै आवश्यक पर्छ। बिजुलीको भर नै छैन, 'उनले भने, '१० घण्टा लोडसेडिङ हुन्छ। ठुला क्षमताका जेनेरेटर चलाउनुपर्ने बाध्यता छ। ती जेनेरेटरलाई थोरै इन्धनले हुँदैन। अब पनि दुध बन्द गर्नुपर्‍यो भने त्यो इन्धन अभावले गर्दा हाम्रो बाध्यता हो।' तर, सरकारले पर्याप्त इन्धन दिए किसानले उत्पादन गरेको सबै दुध संकलन गर्ने न्यौपानेले बताए।

इन्धनको सिफारिस दिने जिल्ला प्रशासनले भने सुरक्षा र अत्यावश्यक सेवालाई जाकटी गरेको भन्दै दुधजस्तो संवेदनशील कुरालाई ढुवानी गर्न पर्याप्त इन्धन नदिएको आयोजनाले जनाएको छ। तराई आन्दोलनका क्रममा ढुवानी गर्न नसक्दा आयोजनाको गोदाममा थन्किएको धुलो दुध, घिउ र चिज धेरैजसो बजारमा गइसकेको छ।

अझ स्थिति सहज भएर वीरगन्ज नाका सञ्चालन भएदेखि भारतको पटना डेरीसँग भएको सम्झौताअनुसार ३० देखि ४० हजार लिटर दुध निर्यात गर्न सकिने पनि न्यौपाने बताउँछन्। अन्य वस्तुलाई जस्तै दुधलाई पनि सरकारले प्राथमिकतामा राखे पनि देशको राजनीतिक परिस्थितिले गर्दा बैंकबाट ऋण लिएर सुरु गरेका युवा व्यवसायीको गाई फार्म भने डुब्ने अवस्था हुँदा सरकारले त्यसतर्फ पनि ध्यान दिनुपर्ने न्यौपानेको भनाइ छ।

यता पशुपालन गरेर दुध उत्पादनमा लागेका किसानले यो वर्षसम्म १ सय २० ओटा गाई फार्म जिल्ला पशुसेवा कार्यालयमा दर्ता गराएर व्यावसायिक गाईपालनमा लागेका छन्। 'फार्म दर्ता गरेर लाखौं रुपैयाँ खर्च गरियो। अब बैंकको ऋण तिर्न समस्या भयो। कम्तीमा पनि सरकारले दुधको बजार सहज बनाइ दिए हुनेथियो,' सूर्योदय-१ का अमिर तामाङ भन्छन्। विगत वर्षमा दुधको बजार राम्रो भएकाले यो वर्ष फार्म सुरु गरियो तर वैशाखको भूकम्पले गर्दा दुध नै बिक्न छाड्यो, अहिले त व्यवसाय नै डमाडोल भएको छ। बैंकको ऋण र ब्याजले उठिबास लगाउला जस्तो छ।'

यता जिल्लामा किसानलाई केही दिनदेखि दुध बिक्री गर्न धेरै सहज भएको बिल्याँटेस्थित दुग्ध चिस्यान केन्द्रका इन्चार्ज गोपाल खड्काले बताए। जिल्लामा गाउँबाट दुध ढुवानी गर्ने सवारीलाई इन्धनको सिफारिस दिए पनि विराटनगरबाटै ट्याकर आउन नसक्दा सातै दिन दुध संकलन गर्न नपाइएको खड्का बताउँछन्।

इलाममा आर्थिक वर्ष ०७१/७२ मा ११ हजार ३ सय ८० मेट्रिक टन दुध निकासी भएको छ। जिल्लामा १ लाख ९ हजार २ सय ९१ ओटा होलेस्टिन, जर्सीलगायत उन्नत गाई पालिएको पशु विकास अधिकृत ध्रुव यादवले जानकारी दिए।

## भूकम्प प्रभावित साढे १४ लाख पशु लाभान्वित

**काठमाडौं/रास**– भूकम्पबाट प्रभावित साढे १४ लाख पशु लाभान्वित भएका छन्। यूएस एड र सरकारको सहयोगमा हेफर इन्टरनेसनलले आयोजना गरिएको 'पशु सेवा प्रणाली पुनःस्थापना' परियोजनामार्फत भूकम्प प्रभावित जिल्लाका पशु लाभान्वित भएका हुन्। पाँच ओटा जिल्लामा स्थापना गरिएको ५० ओटा पशु स्वास्थ्य शिविरमार्फत थप ६५ हजार पशुको उपचार गरिएको थियो। हेफर इन्टरनेसनलका राष्ट्रिय निर्देशक डा. शुभनारायण महतोले परियोजनामार्फत कुल १४ लाख ४० हजार पशुहरूको विभिन्न प्रकारको स्वास्थोपचार गरेका थिए।

वैशाखमा आएको महाविनाशकारी भूकम्पमा परी पीडित बनेका पाँच जिल्लाका २ लाख ३४ हजार कृषिजन्य पशुको उपचार गरिएको छ। गोरखा, धादिङ, नुवाकोट, काभ्रे र सिन्धुपाल्चोक जिल्लाका ९० ओटा भूकम्प प्रभावित गाविसका किसानको घरदैलोमा पुगेर भूकम्पमा परेर घाइते भएका २ लाख ३४ हजार पशुको स्वास्थ्य उपचार गरिएको थियो।

भूकम्पमा परेका सर्वसाधारणलाई स्वास्थोपचार र राहत वितरणमा विभिन्न क्षेत्रले चासो देखाए पनि सोही भूकम्पमा परेर घाइते भएका पशुको उद्धार तथा मरेका पशुको व्यवस्थापन गर्न कुनै क्षेत्रले चासो नदेखाएको अवस्थामा हेफर इन्टरनेसनलले गत २८ असारदेखि यो परियोजना कार्यान्वयनमा ल्याएको थियो।

परियोजनामार्फत घाइते पशु धनको उद्धार गरी उपचार तथा पुनःस्थापना कार्यक्रम आयोजना गरिएको थियो। यसैगरी मरेका पशुधनलाई सुरक्षित रूपमा व्यवस्थापन गरिएको थियो। यूएस एड र हेफर इन्टरनेसनलले परियोजनाका लागि ९ करोड ४८ लाख रुपैयाँ उपलब्ध गराएको थियो।

## साढे तिन करोडको धान खरिद गर्दै खाद्य संस्थान

**काठमाडौं/रास**– नेपाल खाद्य संस्थानले यो वर्ष विभिन्न जिल्लामा साढे ३ करोड रुपैयाँको धान खरिद गर्न लागेको छ।

स्थानीय उत्पादन खरिद गरी किसानलाई उचित मूल्य दिनको लागि प्रत्येक वर्ष संस्थानले खरिद गर्दै आएको छ। यो वर्षको धान थन्क्याउने काम सकिइसकेकाले पनि संस्थानले खरिदको काम अगाडि बढाएको जानकारी दिएको छ। संस्थानका प्रवक्ता श्रीमणि खनालले यो वर्ष ३ करोड ४८ लाख रुपैयाँको १ लाख ३४ हजार क्विन्टल धान खरिद गर्न लागिएको जानकारी दिए। धनगढी, नेपालगन्ज, राजपुर, लहान, जनकपुर, वीरगन्ज र भैरहवाबाट धान खरिद गर्ने काम भइरहेको उनले जानकारी दिए।

संस्थानले स्थानीय उत्पादन खरिद गरेर आफ्नै मिलमा कुटाएर चामल बेच्ने गर्छ। संस्थानले प्रतिक्विन्टल १ हजार ७ सय ५० देखि २ हजार २ सय ५० रुपैयाँसम्ममा धान खरिद गर्दै छ। स्थानीय उत्पादनको किसानलाई उचित मूल्य दिएर संस्थानले धान खरिद गर्ने गर्छ। विभिन्न जिल्लाबाट खरिद गरेको धान संस्थानले आफ्नै मिलमा कुटान गरेर सहुलियत दरमा वितरण गर्दै आएको छ।

यसैबिच स्थानले कर्णाली विशेष कार्यक्रम सञ्चालनका लागि १ करोड रुपैयाँ छुट्ट्याएको छ। कर्णाली अञ्चलमा उत्पादित गेडागुडी खरिद गर्न लागेको छ। कर्णाली अञ्चलको स्थानीय उत्पादन प्रवर्द्धन र बजार विस्तार गर्ने उद्देश्यका साथ संस्थानले गेडागुडी खरिद गर्न लागेको हो। गत वर्षदेखि नै सिमी, फापर, उवा ल्याएर वितरण गर्दै आएको छ।



*राजधानीको भृकुटीमण्डपमा सञ्चालित बुट र सुटको मेलामा स्वदेशी जुत्ता खरिद गर्दै विश्व पर्वतारोही सञ्जय पण्डित।* **तस्बिर : राजधानी**

## फेरि बढ्यो लोडसेडिङ

**राजधानी समाचारदाता/काठमाडौं**



नेपाल विद्युत् प्राधिकरणले फेरि लोडसेडिङको समय वृद्धि गरेको छ। प्राधिकरणको भार प्रेषण केन्द्रका अनुसार सातामा ७० घण्टा विद्युत्भार कटौती हुँदै आएकोमा अब सातामा ७७ घण्टा कटौती हुनेछ। यसअघि दैनिक १० घण्टा रहेको लोडसेडिङको समय पुनः बढाएर अब दैनिक ११ घण्टा पुऱ्याइएको प्राधिकरणले जनाएको छ। प्राधिकरणका अनुसार अहिले नदीमा जलप्रवाह घटेकाले जलविद्युत् आयोजनाबाट विद्युत् उत्पादनसमेत घटेकाले लोडसेडिङको समय थप गरिएको हो।

मुलुकभित्र चालु रहेका आयोजना नदी प्रवाहमा आधारित रहेका कारण हिउँदको समयमा नदीमा पानीको प्रवाह कम भएको छ। ७ सय ८० मेगावाट क्षमतामध्ये हाल प्राधिकरणको केन्द्रीय प्रसारण लाइनमा ३ सय मेगावाट मात्रै विद्युत् उत्पादन हुँदै आएको छ। यसैगरी, भारतबाट दैनिक २ सय ३५ मेगावाट विद्युत् आयात हुँदै आएको छ। भारतको अघोषित नाकाबन्दीपछि दैनिक विद्युत्को माग बढेर हाल १ हजार ३ सय मेगावाटभन्दा बढी पुगेको छ।

खाना पकाउने साँझबिहानको समयमा विद्युत्को माग अझ बढी रहेको प्राधिकरणले जनाएको छ।

प्राधिकरणको भारप्रेषण केन्द्रका प्रमुख भुवनकुमार खत्रीले विद्युत् उत्पादन कम भएका कारण विद्युत्भार कटौतीको समय वृद्धि भएको बताए। प्राधिकरणले एक साताअघि मात्रै विद्युत् कटौतीको समय बढाएर दैनिक १० घण्टा पुऱ्याएको थियो। प्राधिकरणले सञ्चालनमा रहेका आयोजनाबाट पूर्ण क्षमतामा विद्युत् उत्पादन गर्ने र चुहावट भएका क्षेत्रमा चुहावट नियन्त्रण गर्ने कामलाई अभियानात्मक रूपमा सञ्चालन गरे पनि प्रभावकारी हुन सकेको छैन। विद्युत् चुहावट बढी हुने क्षेत्रमा भने थप विद्युत् कटौती हुने भएकाले चुहावट नियन्त्रण गर्न सम्बद्ध पक्षसँग सहयोगको अपिलसमेत गरेको छ।

निकट भविष्यमै ढल्केबर-मुजफ्फरपुर प्रसारण लाइनबाट थप ९० मेगावाट विद्युत् आयात हुने भएकाले विद्युत्भार केही घट्न सक्ने प्राधिकरणले जनाएको छ। सरकारले एक वर्षभित्र विद्युत्भार कटौती अन्त्य गर्ने जनाए पनि प्राधिकरणले दैनिक ११ घण्टा कटौती गर्न थालेपछि चिसो मौसममा उपभोक्ता थप मारमा परेका छन्।

इन्धनको अभावमा खाना पकाउने समयमा झन् समस्या थपिने देखिन्छ। हालको तालिकामा पनि बिहान तथा बेलुकाको समयमा विद्युत् मिलाएर काट्ने व्यवस्था गरिएको भार प्रेषण केन्द्रले जनाएको छ। तर, राजधानीलगायत सहरी क्षेत्रमा भने विद्युत्को अत्यधिक माग हुँदा ट्रान्सफर्मर जल्ने, कन्डक्टरमा समस्या आउने गरेको छ। नाकाबन्दीपछि मात्रै ५ सय ३० ओटाभन्दा बढी ट्रान्सफर्मर जलेका छन्। जलेका ट्रान्सफर्मर मर्मत गर्न जनशक्तिको अभावमा दैनिक दुईओटा मात्रै मर्मत हुने गरेको प्राधिकरणले जानकारी दिएको छ।

## आयोजनाको काम प्रभावित

**खोटाङ/रासस**– भारतीय नाकाबन्दीका कारण इन्धन अभाव हुँदा जिल्लामा पम्पिङ प्रविधिबाट पानी तान्ने खानेपानी आयोजनाको काम प्रभावित भएको छ।

इन्धन अभावले सामान ढुवानी गर्न नपाएपछि लिच्किराम्चे-७ कालापानीमा सुनकोसी नदीबाट पम्पिङ प्रविधिबाट पानी तान्ने खानेपानी आयोजनाको काम प्रभावित भएको हो। राष्ट्रिय योजना आयोगबाट गत वर्ष २ लाख रुपैयाँ बजेट परेको आयोजनामा यस वर्ष १० लाख रुपैयाँ बजेट छुट्ट्याइए पनि इन्धन अभावले सामान ढुवानी गर्न नपाउँदा काम सञ्चालन गर्न नसकिएको निर्माण उपभोक्ता समितिका अध्यक्ष कर्णबहादुर राउतले जानकारी दिए।


### सशस्त्र प्रहरी बल प्रधान कार्यालयको सूचना

**विभिन्न कार्यालय दरबन्दीका निम्न सशस्त्र प्रहरी कर्मचारीहरु विभिन्न मितिदेखि कार्यालयमा हाजिर हुन नआई कोही कसैलाई कुनै किसिमको जानकारी समेत नगराई हालसम्म कार्यालयमा गैर हाजिर रहेको हुँदा यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ७ (सात) दिनभित्र सम्बन्धित कार्यालयमा सम्पर्क गर्न आउनुहोला। अन्यथा तपाईहरु उपर सशस्त्र प्रहरी नियमावली, २०७२ बमोजिम सेवाबाट हटाउनेतर्फ आवश्यक कारवाही भई जाने व्यहोरा सूचित गरिएको छ।**

**निम्न**

१. जिल्ला तनहुँ, दुलेगौडा गा.वि.स.वडा नं.-४ बस्ने विनबहादुर थापाको नाति, रामबहादुर थापा क्षेत्रिको छोरा, सशस्त्र प्रहरी बल बागेश्वरी गण शम्शेरगंज, बाँके दरबन्दी भई सशस्त्र प्रहरी बल तालिम केन्द्र नौबस्ता, बाँकेमा कार्यरत आई.डि.नम्बर ५३८६८ का सशस्त्र प्रहरी जवान अमृत थापा मिति २०७२/०८/०२ गते हाजिर हुने गरी दिन १५ (पन्ध्र) घर बिदा गएकोमा कुनै किसिमको सम्पर्कमा नआई हालसम्म कार्यालयमा गैर हाजिर रहेको।

२. जिल्ला मोरङ्ग, बेलवारी-८ बस्ने डाले राईको नाति, बिन्द्रबहादुर राईको छोरा, सशस्त्र प्रहरी बल बोर्डर आउट पोष्ट गौरीगंज, झापा दरबन्दी आई.डि.नम्बर ५६०८८ का सशस्त्र प्रहरी जवान साजन राई मिति २०७२/०८/१८ गते हाजिर हुने गरी दिन १५ (पन्ध्र) प्रसुति स्याहार बिदा गएकोमा कुनै किसिमको सम्पर्कमा नआई हालसम्म कार्यालयमा गैर हाजिर रहेको।



नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग

### हुलाकी राजमार्ग आयोजना

मीनभवन, काठमाडौं

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मिति : २०७२/०९/११

यस आयोजनाबाट मिति २०७२/०६/०२ गतेको कमाण्डर पोष्ट राष्ट्रिय दैनिकमा प्रकाशित बोलपत्रको सूचना अनुसार दर्ता हुन आएका बोलपत्रहरु मध्ये तल उल्लेख भएको बोलपत्रहरु न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिका लागि छनौट भएको हुदा सार्वजनिक खरिद ऐन,२०६३ को दफा २७(२) अनुसार सम्बन्धित बोलपत्रदाताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| ठेक्का नं. | कामको बिबरण | छनौट भएको बोलपत्र | कबोल रकम(मु.अ.कर तथा पि. एस. सहित) |
|---|---|---|---|
| HRP/3372244/072-73/UR-017 | Upgrading of Dhodhari Rajapur sati Road section, 5.31 Km (Approach of Karnali (satighat) Bridge), Kailali, Bardiya | Chandra & Basant construction Pvt Ltd, Jawlakhel, Lalitpur | 81,956,151.31 |
| HRP/3372244/072-73/UR-018 | Upgrading of Bhadrapur Rajgadh Road, Jhapa Chainage: 0+000 ~20+000. | Ashish / Yakthumhang J.V., Galphutar, kathmandu | 298,349,161.00 |

**आयोजना निर्देशक**



*साफ च्याम्पियन सिपअन्तर्गत समूहचरणमा आइतबार भारतविरुद्धको अन्तिम खेलको तयारीका क्रममा अभ्यास गर्दै नेपाली फुटबल टिम । नेपालले समूहचरणको पहिलो खेलमा श्रीलंकासँग पराजय बेहोरेको थियो ।*
**तस्बिर : सौजन्य एन्फा**

# वेस्ट इन्डिजसँगको गतिरोध तोड्दै भारत

**दिल्ली/एजेन्सी–** भारतीय क्रिकेट कन्ट्रोल बोर्ड (बीसीसीआई) र वेस्ट इन्डिज क्रिकेट बोर्डबिच एक वर्षदेखि चल्दै आएको गतिरोध शुक्रबारबाट समाप्त भएको छ ।

बीसीसीआईले वेस्ट इन्डिजसँग पुनः सम्बन्ध कायम गर्ने बताएपछि भारतीय टिमले २०१६ को मध्यमा क्योरेबियन भ्रमण गर्ने जनाईएको छ । भारतीय टिमले जुलाई र अगस्टमा वेस्ट इन्डिजविरुद्ध ४ टेस्ट खेल्ने तय भएको हो ।

वेस्ट इन्डिज क्रिकेट बोर्डद्वारा जारी गरिएको विज्ञप्तिमा वेस्ट इन्डिजका अध्यक्ष डेव क्यामरन र बीसीसीआईका अध्यक्ष शशांक मनोहरबिच बिग्रिएको सम्बन्धलाई सुधार गर्दै २०१६ को मध्यमा टेस्ट खेल्ने सम्झौता भएको जनाइएको छ ।

वेस्ट इन्डिज र भारतबिच गत वर्ष भएको एक दिवसीय खेलमा कप्तान डेवन ब्राबोको नेतृत्वमा रहेको वेस्ट इन्डिज टिमले तलब, सुविधा नपाएको भन्दै आफ्नै बोर्डविरुद्ध असन्तुष्टि जनाउँदै बिचमै भारतीय सिरिज छोडेको थियो । बिचमै सिरिज छोडेपछि बीसीसीआईले वेस्ट इन्डिज बोर्डसँग ४ करोड डलर क्षतिपूर्ति माग गरेपछि वेस्ट इन्डिज भारतसँग कुनै पनि खेल खेल्न नसक्ने मनस्थितिमा पुगेको थियो ।

यद्धपि भारतले दाबी गरेको क्षतिपूर्ति आफूले तिर्न नसक्ने स्पष्ट पारेपछि भारत आफैं सम्बन्ध सुधारका लागि अग्रसर भएको थियो । यसअघि इन्डिया र वेस्ट इन्डिजबिच २०११ मा टेस्ट सिरिज भएको थियो ।

# प्रशान्त र दीपेश फाइनलमा



**राजधानी समाचारदाता/काठमाडौं**

प्रशान्त बस्नेत र दीपेश केसी १४औं जयकर स्मृति जुनियर राष्ट्रिय खुला लनटेनिस प्रतियोगिताको यू-१४ ब्वाइज सिंगल्समा शुक्रबार फाइनलमा प्रवेश गरेका छन् ।

सातदोबाटोस्थित टेनिस कोर्टमा भएको सेमिफाइनलमा प्रशान्तले सम्यकभूषण बज्राचार्यलाई ६-४ र ६-३ तथा दीपेशले सहर्ष बीबी चन्दलाई ६-० र ६-० को सोझो सेटमा पराजित गरे ।

मनजयकर टेनिस एकेडेमीद्वारा आयोजित प्रतियोगितामा अदित सुवेदी यू-९ ब्वाइज सिंगल्स च्याम्पियन बने । उनले फाइनलमा आरभ सम्राट् हाडालाई ८-३ ले हराए ।

यू-१० ब्वाइज सिंगल्समा भने आरभ उपाधि चुम्न सफल भए । आरभले उपाधि भिडन्तमा अर्की जुवेन रावतको चुनौती ९-७ ले समाप्त पारे ।

यू-१४ गर्ल्स सिंगल्सको उपाधि इरा रावतले जितिन् । फाइनलमा इराले अभिलाषा विष्टलाई ६-४ र ६-१ ले हराइन् ।

प्रतियोगिताको अन्तिम दिन शनिबार यू-१८ ब्वाइज र गर्ल्स तथा यू-१४ ब्वाइज सिंगल्सको फाइनल खेल हुनेछ । प्रतियोगिताको कुल नगद पुरस्कार राशि २ लाख ४२ हजार रुपैयाँ रहेको छ । ५८ हजारको छुट्टै गिफ्ट ह्याम्परको पनि व्यवस्था छ ।

# भान गाल टिमका लागि आवश्यक : रुनी



**लन्डन/एजेन्सी–** पछिल्ला ६ खेलमा जित निकाल्न नसकेपछि तनावमा रहेका म्यानचेस्टर युनाइटेडका प्रशिक्षक लुइस भान गाल टिममा अझै आवश्यक रहेको म्यान्यु स्ट्राइकर वाइन रुनीले बताएका छन् ।

गालको बचाउ गर्दै रुनीले उनको बचाउका लागि खेलाडी संघर्ष गरिरहेको बताए । उनले कम्तीमा पनि यो सिजनभरि उनलाई क्लबमा टिकाउनुपर्ने रुनीको तर्क रहेको छ । च्याम्पियन्स लिग खेल्न नपाउने अवस्थामा क्लब पुगेको तथा शीर्ष प्रिमियर लिगको शीर्ष चारमा पनि युनाइटेड रहन नसकेको भन्दै गोल खेलाउने शैलीको आलोचना हुँदै आएको छ ।

६९ वर्षीय डचम्यान गाललाई केही दिनअघि चेल्सीले बर्खास्त गरेका प्रशिक्षक जोसे माउरिन्होले रिप्लेस गर्ने चर्चा चलेसँगै उनको बचाउमा खेलाडीहरू लागेका हुन् । युनाइटेडका महत्त्वपूर्ण स्ट्राइकर रहेका रुनीले भने, 'पछिल्ला केही सातामा रिजल्ट हाम्रा लागि राम्रो रहेन, जसले हामीलाई तनावको अवस्थामा पुर्‍याएको छ । हामी सबै कडा मिहिनेत गरिरहेका छौं । हामी सबै सँगै रहन चाहन्छौं ।'

# प्रवीणद्वारा अमृत पराजित

**काठमाडौं/रास–** प्रवीणवीर सिंह कंसाकारले अघिल्ला दुई संस्करणका च्याम्पियन अमृत थापा मगरलाई तेस्रो सिभिल बैंक खुला स्क्वास च्याम्पियन सिपको पुरुष सिंगल्समा शुक्रबार पराजित गरेका छन् । जितसँगै प्रवीण फाइनलमा पुगे । अब फाइनलमा प्रवीणले अमृतका बुबा हीराबहादुर थापासँग शनिबार प्रतिस्पर्धा गर्नेछन् ।

सातदोबाटोस्थित स्क्वास एकेडेमीमा भएको प्रतिस्पर्धात्मक सेमिफाइनलमा प्रवीणले अमृतलाई १३-११, ११-८, ५-११, ४-११ र १२-१० ले पराजित गरे । हीराले अर्को सेमिफाइनलमा अरहन्तकेशर सिंहलाई ११-७, ११-५, ५-११ र ११-८ ले हराए ।

महिला सिंगल्समा हीराकी छोरी कृष्णा थापा र भावना सुनुवार उपाधिका लागि भिड्ने भएका छन् । कृष्णाले विपना ब्लोनलाई ३-२ तथा भावनाले सपना ब्लोनलाई ३-० ले पाखा लगाउँदै फाइनल भेट पक्का गरेका हुन् । यू-१७ पुरुष सिंगल्समा अमिर ब्लोनले विजय मगरलाई ११-३, ११-२ र ११-५ तथा दीपक थापाले विक्रम मगरलाई ११-८, ११-२, ४-११ र ११-९ ले निराश पार्दै फाइनल यात्रा तय गरे ।

नेपाल स्क्वास र्‍याकेट्स संघद्वारा आयोजित प्रतियोगिताको मास्टर्स ५० वर्षमाथि किशोर महर्जन र लालबहादुर गुरुङ फाइनलमा प्रवेश गरेका छन् ।

सेमिफाइनलमा किशोरले डा. कुलेश थापालाई ११-३, ७-११, ११-४ र ११-६ तथा लालबहादुरले प्रेम सिंहलाई ११-१, ३-११, ११-४ र ११-९ को सेटमा पाखा लगाए । प्रतियोगिता शनिबार सम्पन्न हुनेछ ।

# आयोजक भ्याली र एचएचसीएलाई उपाधि



**काठमाडौं/रास–** दसौं भ्याली पब्लिक अन्तरविद्यालय बास्केटबल प्रतियोगिताको उपाधि आयोजक भ्याली पब्लिक र हिमालयन हेल्पलेस चाइल्ड एकेडेमी (एचएचसीए) ले जितेको छ । शनिबार भएको गल्सतर्फको फाइनल खेलमा भ्याली पब्लिकले एचएचसीएलाई ३०-१७ ले हरायो ।

पहिलो क्वार्टरदेखि नै दबाबमा राखेको भ्यालीले दोस्रो क्वार्टरको समाप्तिमा १४-१ को अवस्थामा रोक्न सफल भएको थियो । एचएचसीएले तेस्रो क्वार्टरमा भने ११-६ ले अग्रता लिँदै खेलमा फर्कने संकेत देखाएको थियो ।

तर, चौथो क्वार्टरमा भ्यालीले पुनः पकट जमाउँदै १०-५ को अग्रतासँगै खेल समाप्त भयो । भ्यालीले समग्रमा १३ अंकको जित निकाल्दा लक्ष्मी चौधरीले सर्वाधिक १४ स्कोर गरिन् । एचएचसीएकी सन्जु हायु राईले समान १४ स्कोर गरे पनि टिमलाई पराजयबाट बचाउन सकिनन् ।

गल्सतर्फ नै इनोभेटिभ तेस्रो भयो । ममता गुरुङको सर्वाधिक ११ स्कोरको मद्दतमा इनोभेटिभले बाग्मतीलाई २६-२१ ले हरायो ।

सुन्दर बस्तीस्थित आयोजकको कोर्टमा भएको ब्वाइजतर्फको फाइनल खेलमा एचएचसीएले उपाधि जितेको छ । गल्फतर्फको पराजयको बदला लिँदै एचएचसीएले भ्याली पब्लिकलाई ५०-३२ को फराकिलो अन्तरले हरायो । विशाल राईको उत्कृष्ट प्रदर्शनमा एचएचसीएले चारै क्वार्टरमा १२-३, १०-७, ९-७ र १९-१५ ले अग्रता लिएको थियो ।

विशालले सवार्धिक १६ स्कोरको गरे । ब्वाइजतर्फ नै ग्रिनल्यान्ड तेस्रो भयो । आशिष श्रेष्ठको सर्वाधिक १९ स्कोरको सहयोगमा ग्रिनल्यान्डले भद्रकालीलाई ४२-१९ को फराकिलो अन्तरले हराएको थियो ।

प्रतियोगितामा गल्सतर्फ आयोजक भ्याली पब्लिककी लक्ष्मी चौधरी तथा ब्वाइजतर्फ राजकुमार राई मस्ट भ्यालुएबल प्लेयर चुनिए । गल्सतर्फ एचएचसीएकी मिङ्मा शेर्पा तथा ब्वाइजतर्फ ग्रिनल्यान्डका रूपेश खड्का प्रतियोगिताको उच्चतम स्कोर गर्ने खेलाडी चुनिए । गल्सतर्फ भ्याली पब्लिककी छिरिङ छोकी शेर्पा र ब्वाइजमा भ्यालीकै राहुल बिकले सर्वाधिक थ्री पइन्ट गर्ने खेलाडीको उपाधि पाए ।

विजेता टिम तथा खेलाडीलाई प्रमुख अतिथि युकेका भूपू कर्णेल एवं आयोजक भ्याली पब्लिक स्कुलका अन्तर्राष्ट्रिय सल्लाहकार रोजर एम ब्रुमहिल, काठमाडौं प्याप्सनका अध्यक्ष थकिनकुमार गुरुङ, इनोभेटिभ स्कुलका प्रिन्सिपल आनन्द कुँवर, आयोजक स्कुलका अध्यक्ष मेजर लीलबहादुर गुरुङ, आयोजक स्कुलका प्रिन्सिपल कृष्णप्रसाद अधिकारीलगायतले पुरस्कृत गरेका थिए ।

# रोविनको गोलमा भारतको जित



**केरला/एजेन्सी–** साफ च्याम्पियन सिपअन्तर्गत शुक्रबार साँझ भएको समूह एअन्तर्गतको खेलमा आयोजक भारतले श्रीलंकालाई २-० ले पराजित गरेको छ ।

सो जितका साथ भारत समूहको शीर्ष स्थानमा छ । श्रीलंकाले यसअघि नेपाललाई १-० ले हराउँदै महत्त्वपूर्ण ३ अंक जोडेको थियो । श्रीलंका अंक तालिकाको दोस्रो स्थानमा छ ।

भारतका लागि दुवै गोल रोविन सिंहले गरेका थिए । उनले २२ मिनेटभित्र २ गोल गरे । खेलको ५१औं मिनेटमा उनले सुनिल क्षत्रीको पासलाई सदुपयोग गर्दै भारतका लागि पहिलो गोल गरेका थिए ।

त्यसैगरी खेलको ७३औं मिनेटमा रोविन सिंहले दोस्रो गोल गर्दै भारतलाई २-० ले जिताए ।

पहिलो हाफमा श्रीलंकाले भारतको आक्रमणलाई रोकेको थियो । तर, दोस्रो हाफमा भारतलाई रोक्ने श्रीलंकाको प्रयास सफल हुन सकेन । भारतले समूह एमा पाकिस्तानविरुद्ध पहिलो खेल खेल्ने तालिका रहेको भए पनि पाकिस्तानले प्रतियोगिताबाट नाम फिर्ता लिएपछि पहिलो भेट श्रीलंकासँग भएको हो ।

# भुवनलाई उपाधि

**काठमाडौं/रास–** भुवन नगरकोटी सूर्य नेपाल इस्टर्न ओपन २०१५-१६ को तेस्रो टुर च्याम्पियन बनेका छन् । कुल चार अन्डर २०६ स्कोर गर्दै नगरकोटीले उपाधि चुमेका हुन् । धरानमा भएको फाइनल खेलमा उनले नम्बर एक खेलाडी प्रो. शिवराम श्रेष्ठलाई एक स्ट्रोकले पछि पारे । यो भुवनको जारी सिजनको पहिलो उपाधि हो । उनी २००१ देखि प्रो. बनेका हुन् । उनी अघिल्लो वर्ष सूर्य नेपाल वेस्टर्न ओपन च्याम्पियन बनेका थिए ।

प्रो. शिवरामले कुल ३ अन्डर २०७ स्कोर बनाउँदै दोस्रो स्थानमा चित्त बुझाए । जारी वर्ष तेस्रो टुर खेलेका शिवराम दोस्रो स्थानबाट माथि उक्लिन सकेका छैनन् । उनले सूर्य नेपाल ओपन, सूर्य नेपाल टुर च्याम्पियन सिपको उपविजेतामा चित्त बुझाएका थिए ।

जितपछि भुवनले भने फ्लपी सट हानेका थिए । त्यो सटले जितको ढोका खोल्यो । पहिलो दिन एक नम्बरमा रहेका प्रो. सञ्जय लामा तेस्रो स्थानमा समेटिए ।

# आइडियल अन्तिम आठमा

**काठमाडौं/रास–** आयोजक आइडियल इंग्लिस उमाविको 'ए' टिम र साइपाल एकेडेमीको 'बी' टिम प्रथम आइडियल कप अन्तरकलेज सिक्स ए साइड छात्र फुटबल प्रतियोगितामा शुक्रबार क्वार्टरफाइनलमा प्रवेश गरेका छन् ।

चाबहिलको गणेशथान चौरमा भएको उद्घाटन खेलमा आइडियलले केयू सिटी कलेजलाई ५-१ गोलले पराजित गर्‍यो । आइडियलका सञ्जीव श्रेष्ठले ह्याट्रिक गरे भने थप २ गोल निशान्त पोखरेलको नाममा रह्यो । केयूका राजु भण्डारीले १ गोल सान्त्वना गोल गरे । साइपालले एसबाट वाकओभर पायो ।

अन्य खेलमा जित हात पार्दै पेन्टागन र नासा इन्टरनेसनल कलेज पनि क्वार्टरफाइनलमा पुग्न सफल भए ।

पेन्टागनले जय मल्टिपल क्याम्पस (जेएमसी)लाई ४-२ गोलले हरायो । पेन्टागनका राजन तामाङले २



र अल्ब्राइट कार्कीले १ गोल गरे । थप एक गोल आत्मघाती थियो । नासाले टाइम्स इन्टरनेसनल कलेजलाई ३-२ गोलले पाखा लगायो । नासाका निशान्त मगर, विवेक कँडेल र देवराज ओलीले १-१ गोल गरे । टाइम्सका सञ्जय गड्तौला र सन्जीप घिसिङले १-१ गोल गरे ।

प्रतियोगिताको आइडियलका कोअर्डिनेटर श्यामबाबु पोखरेलले रेफ्रीलाई बल हस्तान्तरण गरी उद्घाटन गरेका थिए । पुस १४ गतेसम्म चल्ने नकआउट प्रतियोगितामा १६ टिम सहभागी छन् ।

# अलीले गरे फिटनेस सिविर बहिष्कार

**इस्लामावाद/एजेन्सी–** पाकिस्तान वानडे टिमका कप्तान अजहर अली र ओपन ब्याट्सम्यान मोहम्मद हफिजले स्पट फिक्सिङको आरोपमा प्रतिबन्ध पूरा गरेका मोहम्मद आमिरलाई पुनः टिममा फिर्ता गर्न नहुने भन्दै विरोध गरेका छन् । उनले विरोधस्वरूप टिमको फिटनेस सिविर बहिष्कार गरे ।

प्रतिबन्ध भोगिसकेका आमिरलाई पाकिस्तान क्रिकेट बोर्डले फिटनेस शिविरको २६ सदस्यीय दलमा समावेश गरेको छ । पाकिस्तानका टी-२० टिमका कप्तान साहिद अफरिदी पनि फिटनेस शिविरमा छन् ।

पीसीबीले बुधबार विज्ञप्ति जारी गर्दै आमिरलाई राष्ट्रिय टिममा समावेश गर्ने संकेत दिएको छ । 'इस्लाममा पनि क्षमाको कुरा उल्लेख छ,' विज्ञप्तिमा उल्लेख छ । पीसीबीको निर्णयमा अलि र हफिजको बहिष्कारले झट्का लागेको छ ।

राजधानी न्युज पब्लिकेसन प्रालिद्वारा प्रकाशित तथा मुद्रित, राजधानी भवन, कुपण्डोल, पो.ब.नं. २०५०३ काठमाडौं, फोन : ५५४६३००/५५४१०३०/४०, फ्याक्स : ९७७-१-५०११५९४, प्रमुख कार्यकारी अधिकृत : आषिश शेरचन, सम्पादक : राजन शर्मा